
जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ • अंक १७७ • २०८२ साल मंसिर १० गते बुधबार (26 November, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## साताव्यापी सीताराम विवाहपञ्चमी महोत्सव सम्पन्न

# आज रामकलेवासंगै जन्ती विदाइ

**टुडे समाचारदाता**

जनकपुरधाम। साताव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको वैवाहिक कार्यक्रम विविधवत रुपमा सम्पन्न भएको छ । सीताराम विवाहपञ्चमी महोत्सवको सर्वाधिक महत्वपूर्ण सीताको स्वयम्बर र वैवाहिक कार्यक्रम मंगलबार सम्पन्न भएको छ। अपरान्ह करिब पौने २ बजे बाजागाजा सहित स्वयम्बरका लागि जानकी मन्दिरबाट माता सीताको डोला रंगभूमि (बाह्रविघा) मैदानका लागि प्रस्थान गरेको थियो। जानकी मन्दिरको डोला रंगभूमि मैदानमा पहिले पुग्ने चलन छ। बिहानैदेखि जानकी मन्दिरमा विशेष पूजा गरिएको थियो । देश विदेशबाट आएका श्रद्धालुहरुले डोला प्रस्थान गर्ने समय सम्म पूजा गरेका थिए। डोलासँगै श्रद्धालुहरु रंगभूमि मैदानमा पुगेर सीता स्वयम्बरको अलौकिक दृश्यको दर्शन गरेका थिए । रंगभूमि मैदानमा जानकी मन्दिरको डोला पुगेको केही बेरपछि राम मन्दिरको डोला बजागाजा जन्तीसहित रंगभूमि मैदान पुगेको थियो। भगवान रामको डोलासँग अयोध्याबाट आकएका जन्ती पनि सहभागी भएको थियो । रंगभूमि मैदानमा भगवान सीतारामको स्वयम्वर भएको थियो । मिथिला परम्परा अनुसार गरिएको स्वयम्वरमा जानकी मन्दिरको डोलालगायत मठमन्दिरका डोलाहरुले भगवान रामको डोलाको परिक्रमा गरेका थिए । बाह्रबिघामा स्वयम्बरको कार्यक्रम चलिरहँदा हेलिकोप्टरले पुष्पवृष्टि गरिएको थियो।



त्रेता युगमा भगवान सीतारामको स्वयम्वर रंगभूमि मैदानमा हुँदा देवीदेवताहरुले आकाशबाट पुष्पवृष्टि गरेका थिए । रामायणमा वर्णन गरिए अनुसार धनुष यज्ञको दिव्य दर्शन गर्न देवीदेवताहरु जनकपुरधाममा आएका थिए । भगवान रामले धनुष भंग गरेपछि आकाशबाट पुष्पवृष्टि गरिएको थियो। भगवान शिवको पिनाक (धनुष)लाई रावण लगायतका राजाहरुले हल्लाउनसमेत सकेका थिएनन्। साँझ सीता स्वयम्वर सम्पन्न भएपछि रंगभूमि मैदानबाट भगवान राम, सीतालगायतको डोलाहरु नगर परिक्रमा गर्दै जानकी मन्दिर पुगेको थियो । जानकी मन्दिरमा डोला पुगेपछि वैवाहिक कार्यक्रम प्रारम्भ भएको थियो ।

मिथिला रीति, परम्परा र विधिविधान अनुसार नै भगवान सीतारामको विवाह सम्पन्न भएको उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले जानकारी दिए। वैवाहिक कार्यक्रममा मिथिलानीहरुले प्रतीकात्मक अयोध्याका जन्ती र भगवान रामका दुई पुस्तालाई संगीतमय गाली सुनाएका थिए । सनातन धर्मावलम्बीहरुमा मात्र नभइ अन्य धर्मावलम्बीहरुमा पनि भगवानलाई गाली गरिदैन । तर भगवान रामको मातापिता समेतलाई गाली गर्ने विशिष्ट परम्परा जनकपुरधाममा मात्र रहेको छ। त्रेता युगमा भगवान रामसहित चारै दाजुभाइको विवाह एकसाथ भएको थियो। जन्तीमा आएका अयोध्याका महराज दशरथ, गुरु पुरोहितलगायतका जन्तीहरुलाई भाँतीभाँतीको गाली दिएर मैथिलानीहरु मनोरञ्जन गरेका थिए। मिथिलाकी नारीको मधुर गाली सुनेर महराज दशरथलगायतका अयोध्यावासीहरु मुग्ध भएका थिए। त्यो बेलादेखि नै विवाहमा गाली दिने चलन चलेको मान्यता छ। मैथिलानीहरुले भगवान रामसहित उनका मातापिता, गुरु लगायत अयोध्यावासीलाई गाली गरेको वर्णन गरिएको छ । मिथिलाकी युवराज्ञी सीताको विवाह भए पश्चात पनि लामो समय जन्तीहरु जनकपुरधाममा नै बसेका थिए । विवाहपछि जन्ती बेहुली सीतालाई लिएर अयोध्या प्रस्थान गर्दा राजा जनकले विदाइ गरेका थिए । त्यसको संस्मरण गर्दै अयोध्याबाट आएको जन्तीको सम्मानमा बुधबार जानकी मन्दिरमा रामकलेवा गरिनेछ। रामकलेवामा जन्तीलगायत श्रद्धालुहरुलाई मिथिलाको विशिष्ट परिकारसहितको भोजनपश्चात विदाइ हुनेछ।









## 'उद्योग जोगाउन तीनै तहका सरकार सक्रिय हुनुपर्ने'

सिरहा। देशमा साना तथा घरेलु उद्योगलाई जोगाउन आवश्यक नीतिगत सहजीकरण नहुँदा उद्योगहरू कमजोर बन्दै गएको भन्दै उद्योगी, व्यवसायी र सरकारी सरोकारवालाले अब तीनै तहका सरकारले समन्वय गरेर उद्यममैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका छन्।

घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहाले मंगलबार एघारौँ उद्योग दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा उनीहरूले स्वदेशमै रोजगारी र आयआर्जन बढाउन साना उद्योग संरक्षण महत्वपूर्ण आधार बन्नसक्ने धारणा व्यक्त गरेका हुन्। कार्यक्रममा लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले वैदेशिक रोजगारीबाट भित्रिएको 'रेमिट्यान्स' उपभोगमा नै खर्चिने प्रवृत्ति बढेकाले त्यसलाई उत्पादनशील क्षेत्रमा मोड्न तीनै तहका सरकारको भूमिका निर्णायक हुने बताउनुभयो।

उहाँले भन्नुभयो, "इमानदारीका साथ काम गर्नेले चिया पसलबाट पनि भविष्य बनाउन सक्छ, तर रेमिट्यान्स अनुत्पादक क्षेत्रमा खर्चिने प्रवृत्ति रोकिएन भने आर्थिक आधार बलियो हुँदैन। साना उद्योग बाँच्न र युवालाई स्वदेशमै रोजगारी दिन तीनै तहका सरकार एउटै दिशामा सक्रिय हुनुपर्छ।"

जिल्ला उद्योग वाणिज्य सङ्घ लहानका अध्यक्ष विकास सारडाले भन्सार नीतिका कारण व्यापारीहरू समस्यामा परेको उल्लेख गर्दै भन्सार छली नियन्त्रण तथा नियमित अनुगमन आवश्यक रहेको बताउनुभयो। यस क्रममा, आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख भीम काफ्लेले सस्तो मूल्यका कारण उपभोक्ता भारतीय बजारतिर आकर्षित हुने तर गुणस्तरप्रति सचेतना कमी रहेको बताउँदै सबै पक्ष मिलेर व्यावसायिक वातावरण बनाउनु आवश्यक रहेको धारणा राख्नुभयो।

जिल्ला समन्वय समितिका सभापति दिनेश महतोले साना उद्योगको सीप विकास, सुरक्षात्मक कार्यक्रम र अनुदान व्यवस्थापनका लागि प्रदेश सरकारसँग बजेट समन्वय भइरहेको बताउनुभयो। "सीप, प्रोत्साहन र संरक्षण विना साना उद्योग टिक्दैन," उहाँले भन्नुभयो।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख किशोरी सरण यादवले बजेट कटौतीका कारण विगतमा सञ्चालन हुने चार प्रकारका तालिम सीमित भई अहिले उद्यमशीलता तालिम मात्र चलिरहेको बताउनुभयो। जेनजी आन्दोलनका क्रममा कार्यालय क्षतिग्रस्त भएकाले केही सेवा सीमित रूपमा सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो।

कार्यक्रमका उद्योगीहरूले भारतीय बजारबाट आयातित वस्तु सस्तो परेकाले स्थानीय उत्पादन प्रतिस्पर्धामा कमजोर भएको गुनासो गर्दै सरकारी स्तरबाट बजार सुरक्षा, अनुगमन र स्थानीय उत्पादन उपयोग बढाउने अभियान आवश्यक रहेको सुझाव दिएका थिए।रासस

# मिथिला : जहाँ भगवान् रामसँग गरिन्छ हास–परिहास



काठमाण्डु।

चलु सखी हिलमिल जनकके आँगन, दुल्हा बनल श्री राम हे॥

जनकपुरधाममा यतिबेला विवाह पञ्चमीको उत्साह देख्न सकिन्छ। धार्मिक पर्यटकहरूको आगमन र विवाहका अनेक विधिहरू शुरु भएसँगै जानकी मन्दिर परिसर नै विवाहमय हुन्छ। त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीको दिन सीता-रामको विवाह भएको सम्झनास्वरूप मिथिलामा धुमधामका साथ विवाह पञ्चमी मनाउने गरिन्छ। मिथिलाबासीका लागि विवाह पञ्चमी महान चाड जत्तिकै हो। विवाह पञ्चमीको बेला जनकपुरको वातावरणमा समेत विवाहमय उत्साह फैलिएको हुन्छ।

मिथिलाको घर-घरमा विवाह पञ्चमीको उत्सव मनाउने चलन रहेको छ। उत्सवमा महिला र पुरुषहरू व्रत बसी भगवान राम-सीताको पूजा-अर्चना गर्ने परम्परा छ। मिथिलाको आफ्नै मौलिक विवाह परम्परा रहेको छ। यसमा मटकोर र सिन्दुर दान गर्ने पद्दति भने आज पनि यथावत छ। सोही प्राचीन विवाह संस्कार र संस्कृतिअनुसार दुई बालक वा बालिकालाई राम र सीताको प्रतीकस्वरूप बनाएर सम्पूर्ण विधिअनुसार विवाहको संस्कार पूर्ण गरिन्छ। यसमा मटकोर, तिलकोत्सव, स्वयंवर, विवाह र रामकलेवापछि विवाह पञ्चमी विधिवत्रूपमा सम्पन्न हुन्छ। यद्यपि, यो एउटा झाँकीको रूपमा मात्र प्रस्तुत गरिन्छ।

यी सबै विधि सम्पन्न भइरहँदा मिथिलाकी नारीहरू मुक्तकण्ठले भगवान रामसँग परिहास गर्छिन्। अर्थात् गीत गाएर भगवान रामचन्द्रलाई गिज्याउने गर्छन्। संस्कृतिविद्-साहित्यकार रेवतीरमण लालका अनुसार मिथिलामा सालीहरूले भेनाज्यूसँग, देवारले भाउजू र भाउजूले देवरसँग रमाइलो परिहास गर्ने परम्परा रहेको छ। किम्बदन्तीअनुसार राम सीता विवाहकै वेला पनि मिथिलाकी नारीहरूले रामचन्द्र र उनका भाइ-जन्तीहरूलाई विभिन्न राग सुनाउँदै परिहास गरेर रमाइलो गरेका थिए। यस्तै एउटा गीतमा भनिएको छ :

*'सखी हे! रसे-रसे दुलहा चलै छथि कोना*
*जेना कोल्हुआ के बरद घुमैअछि तेना॥'*

गीतको माध्यमबाट मिथिलानीहरूले परिहास गर्दै भन्छिन्, सखी ! विवाहको बेदीलाई दुल्हाले विस्तारै यसरी घुम्दैछन्, मानौं उनी कोल्हुका गोरु हुन्। मिथिलामा जहाँ सीताजीलाई बहिनी अथवा चेलीको रूपमा हेर्ने गरिन्छ, त्यही भगवान रामलाई ज्वाइँको रूपमा पूजा गर्नुका साथै मखौल अर्थात् हास-परिहास गर्ने चलन रहेको छ। मिथिला सीताजीको माइती भएको नाताले भगवान रामको ससुराली हुने नै भयो। त्यही भएर भगवान रामलाई गालीस्वरूप परिहास गर्ने अधिकार मिथिलाकी महिलाहरूले मात्र पाएको सन्तहरूको भनाइ छ।

यस्तै अर्को एउटा गीतमा रामलाई सम्बोधन गर्दै महिलाहरू गाउनुहुन्छ,

*हे धनुरधारी! कसैले गाली दिनुभन्दा पहिले*
*तपाईं आफैँ बताइदिनुस्*
*एक भाइ गोरो र अर्को भाइ कालो कसरी*
*हुनुभयो ?*
*कसरी फुलेको दाढीबाला वृद्ध तपाईंका पिताले*
*तीन-तीन वटी श्रीमती राख्न सक्नुभएको ?*
*तपाईं आफैं बताइदिनुस् न॥*

### यसरी मनाइन्छ विवाहका विधि

गोस्वामी तुलसी दासले रामायणमा वर्णन गर्भुभएअनुसार मिथिलाकी राजकुमारी सीताको विवाह अयोध्याका राजकुमार रामसँग भएको दिनको सम्झना गर्दै प्रत्येक वर्ष विवाह पञ्चमी मनाउने परम्परा रहेको छ। त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीको दिन रामसीताको विवाह भएको सम्झनास्वरुप जनकपुरको प्रख्यात जानकी मन्दिरमा पनि सप्ताहव्यापी रूपमा विवाह पञ्चमी महोत्सवको आयोजना हुने गरेको छ।

सप्ताहव्यापी रुपमा मनाइने विवाह पञ्चमीको पहिलो दिन नगर दर्शन गर्ने चलन छ भने दोस्रो दिन जानकी मन्दिरको छेउमा रहेको विवाह मण्डपमा फूलबारी लीला मनाउने गरिन्छ। रामायणमा वर्णन भएअनुसार राम-सीताको प्रथम भेट फूलबारीमा भएको थियो। गिरिजा पूजनको लागि फूल टिप्न जानुभएकी सीताजी र रामजीको प्रथम भेट फूलबारीमा भएको थियो र त्यसपछि सीताजीले रामलाई नै वरको रूपमा पाउने कमना गर्नुभएको वर्णन पाइन्छ। त्यसैको स्मरणस्वरूप विवाह पञ्चमीमा फूलबारी लीला रचाउने गरिएको छ।

विवाह पञ्चमीको तेस्रो दिनमा भने धनुष यज्ञको आयोजना हुने गर्छ। यसमा रामस्वरूप रहेका बालकले धनुष भाँचेर धनुष यज्ञ पूरा गर्छन्। संस्कृतिविद् रेवतीरमण लाल सुनाउनुहुन्छ, "त्रेता युगमा पर्शुरामले शिव धनुष राजा जनकलाई प्रदान गरेको वर्णन रामायणमा पाइन्छ। कसैले हल्लाउन मात्र पनि नसक्ने उक्त धनुष जनक पुत्री सीताले सजिलै हटाएर त्यो स्थान लिप्ने र सफा गर्ने गरेको देखेपछि राजा जनक आश्चर्यमा पर्नुभएको थियो। अठोट लिनुभएको थियो यतिधेरै बहादुर छोरीको विवाह उनैसँग गर्छु, जसले शिव धनुष उचाल्न सक्छ। सीता स्वयंवरमा धनुष यज्ञको आयोजना भएको वर्णन रामायणमा पाइन्छ। धनुष यज्ञमा कसैले उचाल्न नसकेको शिव धनु रामले सजिलै उचालेपछि राम-जानकीको विवाह भएको थियो।"

मैथिली अभियानी पुनम झाका अनुसार जनकपुरमा धनुष यज्ञका लागि ठूलो मञ्च, धनुष र सभाको समेत आयोजना हुने गर्छ। जानकी मन्दिरका महन्त रामतपेश्वर दास र उनका उत्तराधिकारी महन्तका रूपमा रहेका रामरोशन दासले रामायणकालीन विवाह महोत्सवको झल्को दिने गरी सम्पूर्ण विधान पुऱ्याएर विवाह पञ्चमी मनाउँदै आउनु भएको छ। त्यस्तै चौथो दिन तिलकोत्सव र पाँचौं दिन मटकोर, छैटौं दिन विवाह समारोह र अन्तिम तथा सातौं दिनमा रामकलेवाको आयोजना गरी विधिवत् रुपमा विवाह पञ्चमीको समापन हुन्छ।

मैथिली अभियानी झाका अनुसार यी सम्पूर्ण विधिहरूमा जनकपुरकी स्थानीय महिला र गायक कलाकारहरूलाई बोलाएर विभिन्न संस्कारका गीत गाउने अभियान चलाइन्छ, जो यस उत्सवकै प्रमुख आकर्षणमध्ये एक हो। उहाँ भन्नुहुन्छ, "जन्ती आउने भारतीय सीमा क्षेत्रका साधुसन्त र पर्यटकहरूलाई लक्षित गरी महिलाहरूले परिहासपूर्ण गीत सुनाउने गर्छन्। मिथिलामा कुनै पनि संस्कार वा विधि गीत नगाई सम्पन्न गरिन्न। विवाह, ब्रतवन्ध, पूजा आदि प्रत्येक संस्कारको लागि विशेष गीत गाइन्छ।"

*'हे पहूना! एहि मिथिले रहु ना,*
*रोज सबेरे उबटन मलिक', इत्रसे नहबायब हे,*
*एक महिनाके भितर करियासँ गोर बनायब हे॥'*

उक्त गीतमा मिथिलाकी चेलीहरूले भगवान रामलाई 'भेना'को सम्बोधन गर्दै मिथिलामा बस्न आग्रह गर्दै भन्छन्, मिथिलामा बस्नुभयो भने बिहानै (उबटन) एक प्रकारको लेप शरिरमा दलेर इत्रले स्नान गराइदिन्छौँ र एक महिनाभित्र तपाईंलाई कालोबाट गोरो बनाइदिन्छौँ।

जनकपुरस्थित राम मन्दिरबाट बाजागाजा र विशेष झाँकीसहित भगवान रामको प्रतिमालाई डोलामा राखी रङ्गभूभि मैदान (बाह्रविघा) पुऱ्याइन्छ भने जानकी मन्दिरबाट सीताजीलाई विशेष डोलामा राखी मङ्गल गानसहित रङ्गभूमि मैदान लगिन्छ र त्यहाँ भव्य समारोहका बीच स्वयंवर विधि र परीक्षण विधि सम्पन गरी दुबै डोला अर्थात राम र सीताजीलाई जानकी मन्दिर ल्याइन्छ।

रङ्गभूमि मैदानमा विवाह विधिको बेला भारतबाट आएका भक्तजन र श्रद्धालुसहितको जन्ती र स्थानीय मिथिलाबासीहरूको बाक्लो उपस्थिति रहने गर्छ। हास-परिहास र मैथिली संस्कार गीतले वास्तविक विवाहको झल्को दिन्छ। यस समयमा आन्तरिक पर्यटकका साथै देश र छिमेकी देश भारतबाट समेत ठूलो संख्यामा धार्मिक पर्यटकको आगमन हुने गरेको जनकपुर-१० देवीचोक निवासी किशोर साह बताउनुहुन्छ। उहाँका अनुसार विवाह पञ्चमीमा मात्रै होटेल-धर्मशाला, मिठाई पसलदेखि पूजा सामग्री बेच्ने र कपडा पसलेको व्यापारमा उल्लेख्य वृद्धि हुन्छ। त्यस्तै ठूलो संख्यामा साधु-सन्तहरूको घुइँचो हुने गर्दछ। मैथिली संस्कृतिको अभिन्न अङ्ग बन्न पुगेको विवाह पञ्चमीको रौनकता, जनकपुरमा मात्रै नभएर मैथिल जनसमुदायको बसोवास रहेको प्रायः स्थानमा देख्न सकिन्छ।

विवाह पञ्चमी उत्सव भरी नै मन्दिर परिसरमा श्रद्धालु तथा भक्तजनले भजनकीर्तन, प्रवचन र झाँकी प्रस्तुत गर्ने चलन पुरानै रहेको छ। यसबीच रामलीलाको समेत प्रदर्शन हुनेगर्छ। मैथिली अभियानी पुनम झाका अनुसार दुई दशक अघिसम्म जनकपुरको जानकी मन्दिरलगायतको सम्पूर्ण रामजानकी मन्दिरहरूमा हुने विवाह पञ्चमीलाई एउटा मेलाको रूपमामात्रै हेर्ने आम दृष्टिकोण थियो भने यतिवेला विवाह पञ्चमी एउटा भव्य उत्सव र महोत्सवको रूपमा विस्तारित भइसकेको छ। प्रत्येक वर्ष विवाह पञ्चमीलाई थप आकर्षक बनाउने कार्य हुँदै अएको छ। गतवर्ष मात्रै विश्व कीर्तिमान रच्ने उद्देश्यले स्थानीय सरकार, उद्योग वाणिज्य संघ र जानकी मन्दिरको सहयोगमा रङ्गभूमि मैदानमा झण्डै ११ हजार एक सय ११ स्क्वायर फिटको राम सीताको अनाजको प्रतिमा बनाइएको थियो। यसका लागि अनुमानित ७५ क्विन्टल अनाजको प्रयोग गरिएको थियो। यद्यपि, उक्त कार्यको भने विरोधसमेत भएको थियो।

### सुनसान तीरहुतिया गाछी

संस्कृतिविद् लालका अनुसार "पहिले जनकपुरको तीरहुतिया गाछीमा रामसीताको डोला ल्याएर स्वयंवर गर्ने चलन थियो। जसमा स्थानीय लगायत भारत सीमाक्षेत्रका मैथिल जनसमुदाय र पर्यटकहरू विवाहपञ्चमी हेर्न आउने गर्थे। यहाँस्थित पवित्र गङ्गासागर र विभिन्न धार्मिक जलाशयहरूमा स्नान गरी पूजाआजा गर्ने, मेलापात भर्नेजस्ता कार्य हुन्थ्यो। तर पछिल्लो एक दशकमा धैरै परिवर्तन आइसककेको छ। उक्त उत्सव पहिले-पहिले एक महिनासम्म पनि चल्थ्यो। साधु-महात्माहरुलाई भोजन र आवासको व्यवस्था, अन्य भक्तजन र पर्यटकका लागि उचित व्यवस्थापन गर्ने गरिन्थ्यो। तर विस्तारै सो महोत्सव पाँच दिनमा झऱ्यो भने अहिले सात दिनसम्म विभिन्न कार्यक्रम साथ बनाउने गरिन्छ। यतिबेला तीरहुतिया गाछी सुनसान प्रायः हुन्छ।"

पछिल्लो समय प्रविधिको बढ्दो प्रयोगसँगै यसको प्रचारप्रसार बढेकाले पनि विवाह पञ्चमीको लोकप्रियता दिनानुदिन बढ्दो छ। जानकी मन्दिरका महन्त र व्यवस्थापन समितिले प्रत्येक वर्ष विवाह पञ्चमीलाई भव्यताका साथ मनाउनमा कुनै कसर बाँकी राख्दैन। संस्कृतिविद् लालका अनुसार, विवाह पञ्चमीका लागि पहिले जनकपुरस्थित राम मन्दिरबाट रामको डोला र जानकी मन्दिरबाट जानकीको डोला आउँथ्यो अनि विवाह संस्कार सम्पन्न गरिन्थ्यो भने अहिले भारतको अयोध्याबाट समेत त्यहाँका पूजारी, भक्तजनहरू भगवान रामको डोलासहित आउने गरेका छन्। अहिले प्रत्येक पाँच वर्षमा अयोध्याबाट रामको डोलासहित जन्ती आउने गरे पनि विवाह संस्कार भने आज पनि जनकपुरको राम मन्दिरबाट डोलाचढी आउनुहुने भगवान रामजीको साथ नै हुने गरेको छ। जनकपुरलगायतका मिथिला क्षेत्रमा रहेको प्रत्येक राम-जानकी मन्दिरहरूमा सामर्थ्यअनुसार छुट्टाछुट्टै विवाहोत्सव मनाउने गरिएको छ।रासस

## महोत्सवमा सम्वाद समूहद्वारा नि:शुल्क सेवा शिविर संचालन

**टुडे समाचारदाता**

जनकपुरधाम। विवाह पंचमी महामहोत्सवको अवसरमा नेपाल-भारत खुला सीमा सम्वाद समूह र क्लोथ बैंक नेपालले संयुक्त रूपमा नि:शुल्क सेवा शिविर सञ्चालन गरेका छन्। समूहमार्फत प्रत्येक वर्षझैं यस वर्ष पनि नेपाल तथा भारतका विभिन्न स्थानबाट आएका श्रद्धालु भक्तजनका लागि सर्वसुलभ सेवा उपलब्ध गराइएको हो।

मेलामा अत्यधिक भीड हुने भएकाले मंगलबार बिहानैदेखि चिया तथा बिस्कुट वितरण गर्दै शिविरको सुरुवात गरिएको थियो। शिविर अन्तर्गत बिहान ९ बजेदेखि खाजा तथा प्राथमिक उपचार सेवा प्रदान गरिएको र दिउँसोसम्म तीन हजारभन्दा बढी भक्तजनले सेवा लिएको समूहनका अध्यक्ष डा. राजीव झाले जानकारी दिए।




डा. झाका अनुसार श्रद्धालुहरूको सहज यात्रालाई मध्यनजर गर्दै यस वर्ष शिविरमा अतिरिक्त सुविधाहरू पनि समावेश गरिएको छ। उनले भने, "एक हजारभन्दा बढी श्रद्धालुका लागि मिथिला नाट्यकला परिषद् परिसरमा सुरक्षित वासको व्यवस्था मिलाइएको छ।"

शिविरमा बिहानैदेखि प्रदेश सह-संयोजक दिपक यादव, कृष्णकुमार साह, धनेश्वर ठाकुर, संजीव झा, उपाध्यक्ष शैलेन्द्र झा, क्लोथ बैंक नेपालका कोषाध्यक्ष रुबि झा, सहयोगी संजीव झा, अजीत झा, बाल अभियानी आदित्य झा, समाजसेवी श्याम झा, राष्ट्रिय मुक्ति पार्टीका अनुशासन प्रमुख संजय सिंह तथा स्वास्थ्यकर्मी दिलिप मिश्रलगायत स्वयंसेवकहरूले सक्रिय रूपले सेवा प्रदान गर्दै आएका थिए।

त्यसैगरी शिविरको सफल सञ्चालनमा कैलाश जैन, प्रमोद चौधरी, नूतन झा, दिपेन्द्र झा, अजय साह, मुकुन्द चौधरी, शम्भु श्रीवास्तवलगायत दाताहरूले महत्वपूर्ण सहयोग पुऱ्याएका छन्।

## किसानलाई उन्नत जातको गहुँको बीउ वितरण गर्दै गोलबजार नगरपालिका

सिरहा। यहाँको गोलबजार नगरपालिकाले स्थानीय कृषकहरूको कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले उन्नत जातको गहुँको बीउ वितरण गर्ने भएको छ। नगरपालिकाले कुल लागतको ५० प्रतिशत अनुदानमा किसानलाई गहुँको बीउ बाड्न लागेको हो।

नगरपालिकाका कृषि शाखा प्रमुख वीरेन्द्रकुमार यादवका अनुसार इच्छुक किसानले नागरिकता, जग्गाधनी प्रमाणपत्र र आवेदन फारमसहित कृषि शाखामा यही मङ्सिर १६ गतेसम्म सम्पर्क गर्न सक्नेछन्। नगरपालिकाले वितरण गर्न लागेका गहुँका उन्नत जातहरूमा गौतम, विजय र एलएली-९७१ रहेका छन्। प्रतिकिलो रु ८२ पर्ने यी बीउको आधा रकम मात्रै किसानले तिर्ने पुग्नेछ।

नगर प्रमुख श्यामकुमार श्रेष्ठले धान थन्काएर गहुँखेती गर्ने तयारीमा रहेका किसानलाई कृषि उत्पादनमा प्रोत्साहन गर्न र बीउ तथा मल खरिदमा किसानले बेहोर्ने समस्यालाई कम गर्न अनुदानमा बीउ वितरण गर्न लागिएको बताउनुभयो।

उहाँले थप्नुभयो, "किसानलाई कृषि पेसामा रहन प्रोत्साहन मिल्नुका साथै उन्नत बीउ लगाउँदा उत्पादन बढ्ने अपेक्षा छ। यसले नगरभित्रको खेतीयोग्य जमिनमा गहुँबाली लगाउन किसानलाई ठूलो सहयोग पुग्नेछ।" रासस


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | लाभदायक लगानीका अवसरहरु प्राप्त हुनेछन्। |
| वृष : | व्यापार व्यवसायको विस्तार तथा सरकारी अवसरहरु मिल्ने दिन छ। |
| मिथुन : | चुनौतीहरुका बीचमा पनि सफलता हात पार्न सकिन्छ। |
| कर्कट : | अनावश्यक चिन्ताले ध्यान विचलित गर्न सक्छ। |
| सिंह : | पारिवारिक सुख र रमाइलो यात्राको अवसर मिल्नेछ। |
| कन्या : | आर्थिक लाभ, शत्रु र रोगमाथि विजयको योग छ। |
| तुला : | शिक्षाक्षेत्र, आर्थिक कारोबार र लगानीका लागि अनुकूल समय छ। |
| वृश्चिक : | विश्वासघातको सम्भावना रहेको दिन भएकाले सचेत रहनुहोस्। |
| धनु : | मित्र तथा परिवारको सहयोग प्राप्त हुनेछ। |
| मकर : | कामा ध्यान नदिए असफलताको सामना गर्नुपर्नेछ। |
| कुम्भ: | छोटो रमाइलो यात्रा सम्भावना छ। |
| मीन : | काममा पनि उचित ध्यान दिनुपर्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# श्रीरामजानकी विवाहोत्सवमा सोमबार राती देखि मंगलबार दिनभरी देखिएको दृश्यहरु।

तस्बिर : संजय कुमार यादव




















**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कमजोर व्यवस्थापन

भगवान सीताराम विवाहपञ्चमी महोत्सवले त्रेता युगको झझल्को दिने गर्छ। सीताराम विवाहपञ्चमी महोत्सवमा सहभागी भएर श्रद्धालुहरुले मोक्ष प्राप्ति गर्ने मान्यता छ । त्रेता युगमा भएको सीताराम विवाहमा सहभागी हुन सम्पूर्ण देवीदेवताहरु जनकपुरधाममा विभिन्न भेष बनाएर कयौं दिन बास बसेको तुलसी दासकृत रामचरित्र मानसमा उल्लेख छ । वैवाहिक महोत्सवमा जनकपुरधामलाई सजाइएको वर्णन पनि रामायणमा उल्लेख छ। महराज जनकले विवाह समारोहलाई अविस्मरणीय बनाएको ग्रन्थहरुमा वर्णन गरिएको छ। त्यो अलौकिक क्षणको साक्षी कलयुगका नरनारीहरु नभए पनि उस्तै स्मरण गराउने विधि विधान सहित सीताराम विवाहपञ्चमी महोत्सवको आयोजन जानकी मन्दिरले गर्दै आएको छ । अयोध्याबाट तत्कालीन युगमा आएको बारात र अनुपम दृश्यको दर्शन गर्न आएका देवीदेवताहरुले आफ्नो धाम र राज्य जान नै बिर्सेको ग्रन्थहरुमा वर्णन गरिएको छ। महराज दशरथसहित अयोध्याको जन्ती कयौं महिना जनकपुरधाममा नै रहेका थिए । जानकी मन्दिरले धार्मिक, सांस्कृतिक विधिले सीताराम विवाहपञ्चमी महोत्सवको आयोजना गर्दै आएको छ । मन्दिरका महन्तले परम्परालाई निरन्तरता दिएका छन् । परम्परागत रुपमा मनाइने विवाहपञ्चमी महोत्सवको सप्ताहव्यापी कार्यक्रमको आयोजना जानकी मन्दिरले गरेको आधारमा नै लाखौं श्रद्धालुहरु मेला भर्न आउने गरेका छन् । नेपालको विभिन्न भाग र भारतको विभिन्न प्रान्तबाट लाखौँको संख्यामा आउने पर्यटकहरुको संख्यामा यस वर्ष निकै कमी देखिएको छ। त्यसको महत्वपूर्ण कारण कमजोर व्यवस्थापन रहेको छ। महोत्सवमा सहभागी श्रद्धालुहरुका लागि बाह्रविघा मैदानमा बास, शौचालय लगायतको व्यवस्था गरिए पनि त्यो पर्याप्त थिएन । नगर क्षेत्रमा अन्यत्र श्रद्धालुहरुका लागि समुचित व्यवस्था गरिएको थिएन । नेपाल र भारतको सीमानाकाहरुमा सुरक्षा जाँचको नाममा घण्टौ समय लाग्ने र नेपाली सीमामा अवैध रुपमा रकम दिनुपर्ने बाध्यताले पनि भारतीय यात्रुहरु अपेक्षाकृत कम आएका छन् । नेपालमा आयोजना हुने मेला महोत्सवहरु मध्ये विदेशी सहभागिताको दृष्टिले सर्वाधिक भीड हुने सीताराम विवाहपञ्चमी महोत्सवप्रति संघीय, प्रदेश र स्थानीय सरकार अझै उदासीन छ । तीन तहमध्ये कुनै तहको सरकारले मेलाको आयोजन र व्यवस्थापनमा लगानी गर्दैन । विगतमा सीताराम विवाहपञ्चमी महोत्सवमा संघीय सरकारले दिँदै आएको सार्वजनिक विदा पनि कटौती गरेको छ । गुठी संस्थानले जनकपुरधामबाट वार्षिक करोडौं रुपैयाँ असुल्ने गरेको छ। तर वर्षमा त्यसको दश प्रतिशत पनि लगानी गर्दैन। जानकी मन्दिरको एकल लगानी रहने सीताराम विवाहपञ्चमी महोत्सवमा अन्य निकायहरुको सक्रियता देखिदैन। निजी र सामाजिक क्षेत्रका केही व्यक्ति र संघसंस्थाहरुले श्रद्धालु भक्तजनहरुलाई आवास र भोजनको व्यवस्था गरेपनि त्यो अपर्याप्त रहन्छ। विगतमा भारतको उत्तरप्रदेश राज्यका मुख्यमन्त्री योगी आदित्यनाथ विवाहपञ्चमी महोत्सवमा सहभागी भएका थिए । त्यसले विवाहपञ्चमी महोत्सवको प्रचारप्रसारमा केही हदसम्म सहयोग पुगेको थियो । फेरि पनि मेला व्यवस्थापनलाई व्यवस्थित गरी श्रद्धालुहरुको सहभागिता बढाउने प्रयास अवश्य पनि गर्नुपर्छ ।

# पार्टीमात्र होइन, राजनीतिको पुनर्संरचना खोजिएको हो



डा. बाबुराम भट्टराई

म आज आफ्नो जीवनको अत्यन्त खुसीको क्षणमध्ये एउटा मान्दैछु। किनकि मान्छे जन्मेपछि जब आँखा खोल्छ र संसारलाई बुझ्छ, जगत के हो, दुनियाँ के हो, म किन जन्मेँ, मैले के गर्नुपर्ने हो भन्ने प्रश्न गर्न थाल्छ, त्यसपछि नै उसले समाजलाई बदल्ने, रुपान्तरण गर्ने, अझ उन्नत बनाएर जाने, आफू मर्ने बेलासम्म यो समाज, मानवजाति, प्राणी जगत उन्नत होस् भन्ने आकाङ्क्षा राख्दछ ।

म पनि त्यहीमध्ये एउटा प्राणी हुँ। त्यसैको निम्ति सात दशक उमेर पार गर्दा पाँच दशकको सक्रिय राजनीतिमा थुप्रै उकाली-ओराली चढ्दै यहाँसम्म म आइपुगेको छु । र, अहिले खासगरी जेनजीका युवा साथीहरूको जुन मैले कुराहरू सुन्ने अवसर प्राप्त गरेँ, त्यसले मेरो हौसलालाई अझै बढाएको छ ।

उमेरले बुढो भए पनि विचार, जोस, जाँगरले आफैँ युवा भएको मैले अनुभूत गरेको छु। त्यस अर्थमा, विशेषतः युवा, जेनजी साथीहरूलाई म हार्दिक धन्यवाद भन्न चाहन्छु, शुभकामना दिन चाहन्छु र आज हामीले स्थापना गरेको यो प्रगतिशील लोकतान्त्रिक पार्टीको म पूर्ण सफलता, उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

तपाईंहरूले मलाई एउटा अभिभावकको रूपमा यहाँ प्रस्तुत गर्नुभएको छ। अभिभावकले के गर्नुपर्छ तपाईंलाई थाहै नै छ। अभिभावकले आफैँ सक्रिय कार्यकारी भूमिका निर्वाह गर्दैन । जसले काम गर्नुपर्ने हो, तिनीहरूलाई काम गर्न दिन्छ, दिनुपर्छ, आफ्नो कुरा राख्नुपर्छ। लागु भएन भने पनि उनीहरूले जे गर्छन्, उनीहरूको अधिकार हो भनेर सहेर बस्नुपर्छ, तर आफ्नो कुरा चाहिँ फेरि भनिराख्नुपर्छ। म त्यही प्रतिबद्धता तपाईंहरूसँग व्यक्त गर्न चाहन्छु।

गत भदौ २३ र २४ गते सायद ममात्रै एउटा पूर्वप्रधानमन्त्री थिएँ जो आफ्नै गाउँमा बसेको थिएँ, जसको हातमा मोबाइल थियो, अरुको हातमा के थियो- उहाँहरूले आफैँ भनिसक्नुभएको छ।

गत भदौ २३ र २४ गते सायद ममात्रै एउटा पूर्वप्रधानमन्त्री थिएँ जो आफ्नै गाउँमा बसेको थिएँ, जसको हातमा मोबाइल थियो, अरुको हातमा के थियो- उहाँहरूले आफैँ भनिसक्नुभएको छ।

र, त्यतिबेला पनि मैले आफूलाई लागेका कुरा तपाईंहरूलाई सम्प्रेषण गरिरहेको थिएँ । त्यो कुरा म दोहोर्‍याउन चाहन्नँ । म खाली स्मरणमात्र के गराउन चाहन्छु भने इतिहास भनेको चरणबद्ध ढंगले अगाडि बढ्छ। जसरी हामी मान्छेको उमेरको पुस्ता हुन्छ, त्यस्तै इतिहासको, समाजको पनि पुस्ता हुन्छ । त्यो चरण हुँदै त्यो अगाडि बढ्छ।

त्यसैलाई अहिलेको 'युरोपियन इलाइटेनमेन्ट' भनिन्छ, प्रबोधन युग । त्यतिबेलाका दार्शनिकहरूले परिभाषित गरेका थिए । त्यसैले समाज निरन्तर गतिशील छ, परिवर्तनशील छ । उन्नत चेतना भएको मान्छेले त्यो परिवर्तनको प्रवाहलाई अझ तीव्र पार्ने भूमिका निर्वाह गर्नुपर्छ भन्ने विभिन्न विचार संश्लेषण हुँदै आए। त्यसैलाई हामीले दर्शन विचार भन्ने गर्छौं। अघि मित्र राम कार्कीजीले पनि भन्नुभयो, विचारविहीनता भन्ने नै हुँदैन । त्यसले यो समाजका विकासका, परिवर्तनका गतिलाई परिभाषित गरिराख्छ, नयाँ-नयाँ आविष्कार गरिराख्छ। ती प्रत्येक नयाँ आविष्कारको प्रक्षेपण गर्छ र आगामी संसारको दिशा के हुन्छ भनेर त्यो निर्माणमा ऊ उद्यत हुन्छ। त्यसैलाई हामीले विचार दर्शन भन्छौँ।

तर त्यसमा केही अपूर्णता थिए । त्यसैले मैले त्यतिबेलैदेखि यो संविधान आधा गिलास भरी छ, आधा खाली छ, त्यसका केही अपूर्णता भन्दै आएको थिएँ । त्यो आधा गिलासलाई जोगाउँदै आधा गिलास भर्नेतिर जानुपर्छ। त्यसो गर्नको निम्ति पुरानो प्रकारको राजनीति, पुरानो प्रकारको पार्टी र नेतृत्वले हुँदैन। नयाँ चाहिन्छ भनेर २०७२ साल असोज ९ गते मैले आफैँले निर्माण गरेको, यी साथीहरूसँग काम गरेर हामीले त्यहाँसम्म पुर्‍याएको पार्टीको इतिहास पूरा भयो। त्यसलाई मैले कहिल्यै खराब भनेको छैन । धेरै माओवादी पृष्ठभूमिका साथीहरू 'दाइले छोडेर जानुभयो' भन्नुहुन्छ। छोडेर गएको होइन। माओवादी आन्दोलनले आफ्नो कार्यभार पूरा गर्‍यो।

अहिले जुन जेनजी तपाईंहरूलाई भन्ने गरिन्छ, त्यो जेनजी भनेको १९९७ देखि २०१२ सम्म जन्मेको पुस्तालाई भनेको हो। क्यालेन्डर हिसाब गर्नुस्। त्यो बेला के परिवर्तन आयो ? अहिले जे दिनचर्या तपाईंको बनेको छ, इन्टरनेट प्रविधिदेखि लिएर यो सोसल मिडिया हुँदै एआईसम्म । मैले बुझेसम्मको एआईको ब्रेकथ्रु भएको २०१२ मा हो । पहिलेदेखि नै थियो कुरा चलेको, तर सबभन्दा ठुलो क्रान्ति, मानव इतिहासकै सबभन्दा ठुलो प्राविधिक क्षेत्रको क्रान्ति, मान्छेको चेतना, सूचना सञ्चारको क्रान्ति भएको यही कालखण्डमा हो।

त्यसो भएको हुनाले अनि अब हामीले हिजोकै त्यही विचार, हिजोकै कांग्रेसले बोकेको एउटा उदारवादी पुँजीवादी विचार अथवा कम्युनिस्टहरूले जे बोकेको सबै राज्यले नियन्त्रण गर्नुपर्छ भन्ने नियन्त्रणवादी, एकाधिकारवादी विचार बोकेर अहिलेको युगको काम पूरा हुन सक्थ्यो ? सक्दैनथ्यो। त्यसैले नयाँ विचार सहितको नयाँ विकल्प चाहिन्छ भनेर नै हामीले विभिन्न अभियान सुरु गर्‍यौं, तर बुझ्न समय लिन्छ त्यसले, त्यसले ढिलो भइराखेको थियो।

अहिले पनि विश्वको आर्थिक स्तरमा हेर्‍यौं भने औसतभन्दा दस गुणा हामी तल छौँ। किनभने मान्छेको आर्थिक स्तरले नै मान्छेको सामाजिक स्तर निर्धारण गर्छ र त्यसले सांस्कृतिक स्तर निर्धारण गर्छ। त्यसैले उसको चेतनाको स्तर निर्धारण गर्ने हो । त्यसैले जब विश्वको औसतभन्दा दस गुणा तल भएको समाज छ भने त्यसले अहिलेको जेनजी पुस्ताले भनेको, सोचेको विचार ती पुराना दलबाट पूरा हुन सक्थ्यो ? तिनै नेताबाट हुन सक्थ्यो ? सक्दैनथ्यो।

**अब चुनाव गर्नुपर्छ, चुनाव गरिएन भने झन् संविधान नै दुर्घटनामा पर्छ । एउटा पाटो त त्यो हो । तर यही अवस्थामा यिनीहरुले चुनाव गराउँछन् ? यिनीहरुको जुन गलत नियत छ, जुन ढंगको चलखेल छ यहाँ, यदि तपाईंले सतर्कता देखाउन सक्नुभएन भने विभिन्न बहानामा यो टर्दै गएर दुर्घटनातिर जान पनि सक्छ ।**

त्यसैले अहिले यो जुन प्रगतिशील लोकतान्त्रिक पार्टी बनेको छ, यो पार्टी भनेको जेनजी आन्दोलनको उपज हो र जेनजी पुस्ताको पार्टी हो भनेर बुझ्न जरुरी छ । यदि यो कुरा बुझिएन र मैले आफ्नो बखान गर्न थालेँ, अर्कोले अर्को बखान गर्न थाल्यो भने हुँदैन । यो हाम्रो एजेण्डा, अबको यो पार्टीको एजेण्डा भनेको जेनजी पुस्ताको चेतनासँग, त्यसको आवश्यकतासँग, यो युगसँग जोडिएका कुराको मागहरू पूर्ति गर्न यसले सक्छ कि सक्दैन ? त्यो हिजोका कांग्रेस-कम्युनिस्ट छोड्नुस्। यहाँ एउटा साथीले लालसलाम भन्नुभयो, अर्कोले अर्कै के भन्नुभयो। त्यसले केही समयसम्म लालसलाम, जय नेपाल, यो सबै भन्दै गर्‍यौंला। सुरुमा गंगा-जमुना-सरस्वती अलग अलग धार र रङ लिएर आउँछन्। एउटा बिन्दुमा मिसिएपछि गंगा एउटै बन्छ, गंगाको रङ अर्कै हुन्छ। त्यसले अहिले केही दिनसम्म गंगा-जमुनाका हाम्रा अलग-अलग धार रहन्छन् । अलि पर पुगेपछि गंगा बन्छ । त्यो गंगा पनि गएर समुन्द्रमा मिसिएपछि हाम्रो रुप-रङ अर्कै हुन्छ। त्यसैले चिन्ता नगरौँ।

केही समयचाहिँ हाम्रो यस्ता अलग-अलग रङ, ढङ्ग, अलग-अलग भाषा, बोली, अलिकति जोडतोड रहन्छ। त्यसलाई अन्यथा मान्न हुँदैन । मेरो विशेष संकेतचाहिँ यो जेनजी पुस्ताका साथीहरूसँग हो । उहाँहरूसँग धेरै अन्तरक्रिया गर्ने मैले अवसर पाएको छु। थुप्रै साथीहरूसँग भेटघाट मैले गरेको छु। त्यसैले उहाँहरू सशंकित हुनुहुन्छ। धन्य हाम्रो केही साथीहरू जोडिनुभएको छ। म उहाँलाई धन्यवाद दिन चाहन्छु, आँट गर्नुभएको छ। तर उहाँहरूको मनमा संशय छ। ठुलो संशय छ।

०३७ सालमा मैले कम्युनिस्ट पार्टी प्रवेश गर्दा स्टालिनको प्रवृत्तिको जगजगी थियो । स्टालिनको तरिकाले अब विश्वमा कम्युनिस्ट पार्टी रहँदैनन्। विश्वमा कम्युनिस्ट पार्टीको भविष्य रहँदैन । यति केन्द्रित, यति एकमनवादी, यति जड छ, त्यसले न कार्यकर्तालाई चेतनशील बन्न दिन्छ, जहाँ कुर्सी त्यहाँ ज्यान, त्यो कसैले छोड्दैन भन्ने प्रश्न मैले त्यतिबेलै राखेको थिएँ । र यो ट्रस्किवादी, मालेवादी भनेर म भर्खर बाइस-तेइस वर्षको फुच्चेलाई ठुला-ठुला नेताहरूले लेख्नुभएको छ।

त्यसैले मैले तपाईंहरूलाई के भन्न खोजेको हो भने तपाईंहरू यहीँ आएर संगठित भएरै लड्ने हो । त्यो तपाईंहरूको अधिकार हो, तपाईंहरूले पाउनुहुन्छ। त्यसरी मात्रै बदलिन्छ । दर्शनको, भौतिक जगत, सामाजिक जगतको पनि नियम के हो भने कुनै पनि तत्व विपरीत तत्वले नै वस्तु बन्या हुन्छ। भौतिक जगतमा पनि त्यही हो, सामाजिकमा पनि विविध प्रवृत्ति भनेर त्यो बन्या हुन्छ। तिनीहरूको बिचमा टक्कर चल्छ, त्यो टक्करले फेरि नयाँ चिज जन्म दिन्छ भन्ने हो।

प्रगतिशील शब्दले चाहिँ आजभन्दा भोलि राम्रो, उन्नत, भोलिभन्दा पर्सि, पर्सिभन्दा निकोपर्सि हुन्छ । समाज, जगत, हामी पनि हुनुपर्छ र हाम्रो विचार, हाम्रो सोच, शैली, आचरण, यो पार्टी पनि प्रत्येक दिन नवीकरण हुँदै जानुपर्छ भन्ने अर्थमा यो प्रगतिशील प्रयोग भएको हो। प्रोग्रेसिभिज्म भन्ने दार्शनिक हेर्नुहोला, इन्टरनेटमा पनि पाइन्छ । त्यसको परिभाषा इलाइटेनमेन्टदेखि जोडिएको छ, त्यतिबेलादेखि प्रयोग भएको यो शब्द हो। डेमोक्रेसी त जनताको किनभने त्यसबेला अटोक्र्यासी, मोनार्कीहरूको अन्त्य भयो र आधुनिक औद्योगिक युग सँगसँगै आधुनिक लोकतन्त्रको अवधारणा आयो, डेमोक्रेसीको अवधारणा आयो । त्यसपछि नै त्यो लोकतन्त्र त विकसित हुँदै आएको छ। पहिले ठुलाबडा र धनीले मात्रै भोट हाल्ने भन्ने थियो, पुरुषले मात्रै भोट हाल्ने भन्ने थियो। यस्तो पनि लोकतन्त्र नै थियो। पछि हुँदैहुँदै अहिले आएर हामी कहाँ पुगेका छौँ ? यो इन्क्लुसिभ र पार्टिसिपेटरी डेमोक्रेसी हुनुपर्छ भन्ने ठाउँमा पुगेका छौँ।

सबै वर्ग, जाति, क्षेत्र, लिङ्ग, समुदाय सबैको सहभागिता हुनुपर्छ, सबैको बराबर स्थान हुनुपर्छ भन्ने कुरा। अब रेप्रिजेन्टेटिभ डेमोक्रेसी, प्रतिनिधिले प्रतिनिधि चुन्ने र नेता छान्ने होइन, डाइरेक्ट सर्वसाधारण जनताले आफ्नो नेता छान्छ र पार्टीभित्र पनि सदस्यले आफ्नो नेताचाहिँ साधारण सदस्यले छान्छ भन्ने अहिलेको पछिल्लो विकास भनेको त्यो हो । र, आगामी दिनमा यो उसको प्रगतिशीलका एजेन्डाहरू पनि र डेमोक्रेसीको एजेन्डा पनि अगाडि बढेर जान्छ। त्यसैले यो प्रगतिशील लोकतान्त्रिक पार्टी भनेको यो नयाँ जेनजी पुस्तासँग जोडिएको पार्टी हो । यसको इच्छा, आकांक्षा, सोचसँग जोडिएको पार्टी हो।

त्यसो हो भने त करिब १५० पार्टी दर्ता भएका छन्। पचासभन्दा बढी चुनावका लागि दर्ता भएको छ भन्ने सुन्छु। फेरि अर्को एउटा दोकान थाप्ने जरुरत छैन। तर मेरो विश्वास र आग्रह के हो भने, यो १५० मध्ये एउटा पार्टी होइन । हिजोको एउटा उदारवादी लोकतन्त्रमा आधारित पुँजीवादी धार पक्रने कांग्रेसको धार र त्यसैका वरिपरिका अन्य धार, जसलाई अहिलेको राइटिस्ट सेन्टर भनिन्छ, मध्य-दक्षिण शक्तिहरू जुन भनिन्छ, अहिले नयाँ उदय भएका कारणले आफूलाई मध्य-दक्षिण भन्नुहुन्छ, त्यो एउटा धार। अर्को, अहिले समाजवाद ल्याउनुपर्छ, अहिले सबैलाई बाँड्नुपर्छ, अहिले सबैले स्वर्ग बनाइदिनुपर्छ भन्ने तर व्यवहारमा छैन। तपाईंले भाँडोमा प्रशस्त मात्रामा पकाउनुभएकै छैन, अनि सबैलाई बराबर बाँड्छु भन्नु सबै भोकै बस्नुपर्ने कुरा न हुन्छ ! पहिले प्रशस्त मात्रामा पकाउनुपर्‍यो तपाईंले । त्यो क्षमता हुनुपर्‍यो नि तपाईंको । अनि बाँड्ने हो । अर्कोतिर आफूलाई कम्युनिस्ट, साम्यवादको नाउँमा सबैलाई तुरुन्तै बराबर गर्दिन्छु भन्ने अनि सम्भव हुँदैन, आफूचाहिँ चोरी-चोरी ठुलो भाँडोमा खाने, अनि अरुलाई पुगेन भनेर भन्ने जुन एउटा प्रवृत्ति छ, ठग प्रवृत्ति, त्यो कम्युनिस्ट प्रवृत्ति पनि टिक्दैन ।

एउटा व्यक्तिको निजी स्वतन्त्रतालाई प्रधानता दिने । समाजको चालक शक्ति के हो भन्नेचाहिँ व्यक्तिको निजी इच्छा-आकांक्षा, स्वार्थ नै मुख्य हो । त्यसलाई छोडिदिएपछि त्यसैले विकास ल्याउँछ, सामाजिक-आर्थिक, सामाजिक सबै भन्ने एउटा उदारवादी दार्शनिक धार हो । एउटा, राजनीतिक धार हो, जसलाई कांग्रेस र अहिले आफूलाई मध्य-दक्षिण भन्ने त्यो नयाँ बनेर आएका शक्तिहरू छन्, तिनको धार त्यो हो। अर्को भनेको मान्छे त्यतिमात्रै होइन, मान्छेमा निजी स्वतन्त्रता, निजत्व भन्ने पनि हुन्छ, तर सँगसँगै मान्छे जन्मदेखि सामाजिक प्राणी हो। बाबु र आमा भएर नै सन्तान जन्मिन्छ। अनि त्यसपछि त्यो सातमा, आठ महिना, नौ महिना जन्मेको बच्चालाई आमाले दुध नखुवाउने हो भने र बाबुले साथ नदिने हो भने, त्यो बच्चा त हुर्किँदै हुर्किँदैन।

अब पुँजीवाद पछि समाजवाद भन्ने नै हो। तर हाम्रा कम्युनिस्ट भन्ने साथीहरू जो कमाउनिस्ट हुनुभएको छ, भन्नचाहिँ कम्युनिस्ट भन्नुहुन्छ, उहाँहरूले फेरि समाजवाद भन्नुहुन्छ। त्यो नेकपाको समाजवाद भित्र त राखेको, फेरि समाजवादी भन्न थाल्नुभयो। अनि मान्छेले त्यो कम्युनिस्ट र समाजवाद भनेको फरक भन्ने नि जनतालाई बुझ्न गाह्रो भो। त्यसो भएर अहिले हामीले पार्टीको नाममा समाजवाद भन्नुभन्दा पनि गुदी तत्त्व भनेको चाहिँ प्रगतिशीलता हो, निरन्तर गति र परिवर्तनमा हो र लोकतन्त्र हो। लोकतन्त्र भनेको निरन्तर विकसित हुँदै जाने चीज हो। उन्नत ढंगले हुँदै जाने कुरा हो।

मार्क्सको एउटा प्रसिद्ध भनाइ छ, संसारको व्याख्या गर्नेमात्र होइन, मुख्य कुरा बदल्ने हो भन्छन् उनीहरूले । त्यसैले व्याख्या अनेक ढंगले गर्न सकिन्छ तर त्यो ठिक कि बेठिक भन्ने छुट्ट्याउने दुनियाँ बदल्न सकियो कि सकिएन भन्ने आधारले नै हो। त्यो विचार ठिक हो कि होइन, नीति ठिक हो कि होइन भन्ने टुंगो हुन्छ। त्यसैले त्यो कुरा प्रयोग गर्ने भनेको फेरि पार्टीमार्फत नै हो।

त्यसैले यसलाई रुपान्तरण बनाउने, रुपान्तरण गर्ने, कथंकदाचित भयो भने विद्रोह गर्ने, त्योभन्दा अगाडि राम्रो बनाउने । त्यस अर्थमा आउनुहोस् भन्ने मेरो आग्रह छ। अन्त्यमा तपाईंहरूलाई आग्रह के छ भने, यो पार्टी हामीले बनाउनुपर्छ, नत्र देश सहज अवस्थामा छैन। म तपाईंहरूको सद्भावले प्रधानमन्त्री बनिसकेको मान्छे, मैले जे जति सूचना प्राप्त गरिरहेको छु, अहिलेसम्म भदौ २४ को यता हेर्नुभयो भने दुई, अढाई महिना हुन थालिसक्यो, यो न अघि न पछि, यो भिरको चिचिण्डोजस्तो न तलबाट टिप्न सकिन्छ, न माथिबाट टिप्न सकिन्छ। त्यस्तो अवस्थामा देश छ। त्यसैले एक त लोकतन्त्र धरापमा छ। त्योमात्रै होइन, जुन जटिल भूराजनीति छ, त्रिपक्षीय साँढेहरूको तानातान यहाँनेर छ । त्यसलाई ठिक ढंगले सन्तुलित मिलाउन सकिएन, जानिएन, हाम्रो ढंग पुगेन, बुझिएन भने तिनले पनि खेलिदिने गर्छन् । अनि देशभित्र अहिले अत्यन्तै संवेदनशील अवस्था छ, यी दुई वटाको एकफल स्वरुप देश गम्भीर दुर्घटनामा जाने खतरा अहिले पनि छ।

अब चुनाव गर्नुपर्छ, चुनाव गरिएन भने झन् संविधान नै दुर्घटनामा पर्छ । एउटा पाटो त त्यो हो । तर यही अवस्थामा यिनीहरूले चुनाव गराउँछन् ? यिनीहरूको जुन गलत नियत छ, जुन ढंगको चलखेल छ यहाँ, यदि तपाईंले सतर्कता देखाउन सक्नुभएन भने विभिन्न बहानामा यो टर्दै गएर दुर्घटनातिर जान पनि सक्छ।

एउटा त्यसको निम्ति शक्ति चाहिन्छ। अर्को, चुनाव भइसकेपछि यदि यो बलियो शक्ति, यो पुराना साँढेहरूलाई पार लगाउने शक्ति निर्माण हुन सकेन भने चुनाव भएपछि के हुन्छ ? फेरि तिनै आउँछन् । जनताको चेतना त्यस्तै छ नि त । उहाँहरूले राम्रो नराम्रो भन्नुहुन्छ, मलाई नि भन्नुहुन्छ, बाबुराम त राम्रो, असाध्यै राम्रो मान्छे, तर के गर्नुहुन्छ ? पार्टी सानो छ, जित्न गाह्रो छ, अब भोटचाहिँ दिन सकिएन भन्नुहुन्छ बिचरा । शक्ति बलियो छैन भन्ने साइकोलोजी त हुन्छ नि सबैको।

त्यसैले हामीले दबाब दिएर यो संकटबाट देशलाई निकास दिन शक्ति आर्जन गर्ने कुरा, निरन्तर गतिशील बनेर खबरदारी गर्ने कुरा, शक्ति आर्जन गरेर, संगठन आर्जन गरेर, जनकार्य गरेर, जनताको मन जितेर निर्वाचनमा विजय हासिल गरेर सरकारको नेतृत्व गर्ने अनि त्यसबाट आफ्नो नीति लागु गर्ने । हो यो ढंगले तपाईंहरू जानुपर्छ, त्यो सम्भव छ।रातोपाटी

# नेपाललाई "एभरेस्ट फ्रि वे" किन आवश्यक छ ?

डा. बद्रीप्रकाश ओझा

अस्ट्रेलियाको जनगणना अनुसार उक्त मुलुकमा स्थायी बसोबास गर्ने नेपालीको स‌ख्या दुई लाख हाराहारी छ। सन् २०२१ को तथ्याङ्क अनुसार वर्षमा करिब १० हजार नेपालीले उक्त मुलुकमा स्थायी बसोबासको अनुमति प्राप्त गर्छन् ।

अस्ट्रेलियामा विद्यार्थीका रूपमा वर्षमा १० लाखको हाराहारीमा युवाहरू प्रवेश गर्छन् । तीमध्ये २३ प्रतिशत चिनियाँ, १७ प्रतिशत भारतीय छन् भने ९ प्रतिशत नेपाली छन् । यसै तथ्याङ्कलाई आधार मान्ने हो भने वर्षमा करिब २० हजार नेपाली विद्यार्थी अस्ट्रेलिया प्रवेश गर्छन् ।

सन् २०२३ को जुनदेखि २०२४ जुनको बीचमा १९ हजार तीन सय ९७ विद्यार्थीले भिसा पाए। यो क्रम जारी नै छ। अस्ट्रेलियाको शिक्षा मन्त्रालयको तथ्याङ्क अनुसार सन् २०२४ को जनवरीदेखि नोभेम्बर भित्रमा आठ लाख ४९ हजार विदेशी विद्यार्थी अस्ट्रेलिया छिरे। तीमध्ये नौ प्रतिशत अथवा आठ हजार भन्दा बढी नेपाली थिए।

यसरी नेपालीहरूका लागि अस्ट्रेलिया दोस्रो घर बनेको छ। त्यसो भए यहाँका दुई लाख नेपालीले वर्षमा कति कमाउँछन् त ? यहाँको तथ्याङ्क अनुसार अस्ट्रेलियामा सरदर साताको १८ सय अस्ट्रेलियन डलर कमाइ हुन्छ। यसलाई वर्षमा ढाल्दा करिब ९३ हजार ६ सय डलर हुन आउँछ। यहाँ थोरै कमाउने पनि वर्षमा ४० हजार डलर कमाउँछ। अझै पनि बसाइँ सरेर आएका नेपालीहरू यहीँ जन्मेकाहरूको तुलनामा उति दक्ष छैनन् । यो स्वाभाविकै हो । यहीँ जन्मेकाले वर्षमा एक लाख कमाउँछन् भने बसाइ सरेर आएकाहरू ७५ हजारमा चित्त बुझाउँछन् ।

सन् २०२१ कै तथ्याङ्क अनुसार अस्ट्रेलियामा बस्ने ८७ प्रतिशत नेपालीहरू कमाउन सक्ने उमेर समूहका छन् । ७५ हजार नै कमाएछन् भने पनि वर्षमा डेढ लाख जनाले कति कमाउलान् त ? सामान्य हिसाब गर्दा उनीहरूको कमाइ ११ अर्ब डलर भन्दा बढी हुन्छ। त्यो भनेको नेपालको कूल बजेटको आधा हो। यसको २५ प्रतिशत रकम नेपालले आकर्षण गर्न सके वर्षमा चार खर्ब रुपैयाँ नेपाल भित्रिन्छ। अस्ट्रेलियाको न्यु साउथ वेल्स राज्यको तथ्याङ्क अनुसार बृहत्तर सिड्नीमा दैनिक एक करोड ६० लाख पटक सडक यात्रा गरिन्छ। सो मध्ये ६८ प्रतिशत यात्राका लागि निजी सवारी चलाइन्छ।

यस क्षेत्रमा पाँच मुख्य टनेलसहित १५ वटा भूमिगत तथा जलगत टनेल छन् । सहर र समुद्रमुनि पनि टनेलमा गाडी कुद्छ। ती टनेलबाट मात्र सरकारले दैनिक ६८ लाख डलर कमाइ गर्छ। टनेल प्रवेश गर्दा कर तिर्नुपर्छ। ठुला, लामा र कम सवारी जाम हुने क्षेत्रमा प्रतिकिलोमिटर ६० सेन्ट कर लिइन्छ भने क्रस सिटी टनेल जो मुख्य सहर र समुद्रमुनि छ, यसबाट वारपार गर्दा प्रतिकिमी तीन डलर ४१ सेन्ट कर लिइन्छ।

२१ सय मिटर लामो टनेलबाट पार पर्दा पिक आवरमा आधा घण्टासम्म समय बचत हुन्छ। त्यसैले मानिसहरू पैसा तिरेर टनेल प्रयोग गर्छन् । यसबाट दैनिक एक करोड ४० लाख डलर बचत हुन्छ। कमाइ, इन्धन र कार्य दक्षताको हिसाब गरेर यो तथ्याङ्क निकालिएको हो।

यस अनुसार हिसाब गर्दा एकजना कामदारले एक पटकमा १४ डलर बचत गर्छ। दिनमा २८ र सातामा पाँच दिन काममा जाँदा र फर्कँदा उसले एक सय ४० डलर बचाउँछ। यतिले एक जनालाई साताभरि खान पुग्छ। यदि दिनमा दुई वटा बर्गर खाने हो भने सात दिनलाई पुग्छ।

अब यसलाई नेपालतिर लैजाऔँ।

अघि भनिएको वार्षिक चार खर्ब रुपियाँलाई नेपालमा लगानी गर्न सरकार र निजी क्षेत्रले ग्यारेन्टी गरौँ । बरु सरकार नै धितो बसोस्। नेपाली हुन् उनीहरू भित्रको देश प्रेम पलाउँछ र आफ्नो देशमा लगानी गर्न तयार हुन्छन्।

तीव्र गतिको उक्त सडक प्रयोग गर्दा प्रतिकिमी एक सय रुपैयाँ कर लगाऔँ । यसको आसपासमा बस्ती बस्न दिनु हुँदैन। बाटोमा पर्ने जमिनको पैसा नलिने व्यवस्था राज्यले नै गर्नुपर्छ। कमसेकम सडकबाट पाँच सय मिटर बाहिर मात्र बस्ती बसाऊँ ।

त्यो पैसा कुनै अन्तर्राष्ट्रिय ठेकेदारमार्फत खर्च गरेर काठमाडौँदेखि सगरमाथा बेस क्यामसम्म ६ लेनको सडक खनौँ। आवश्यक परेमा ठाउँ-ठाउँमा टनेल पनि बनाऊँ। आजकै नेपालको ठेक्का मूल्य अनुसार यसका लागि करिब १२ खर्ब लाग्छ। प्राविधिक हिसाबले बढी वा कम पनि लाग्न सक्छ। अघि भनिएझैँ वर्षमा चार खर्ब रुपैयाँ लगानी भए तीन वर्षमा बाटो पुग्छ। यसमा नेपालमै बसेका घरपरिवारले पनि त लगानी गर्न सक्छन्। यसलाई राष्ट्रिय गौरवको परियोजना बनाऔँ। सार्वजनिक रूपमा सरकार धितो बसेर सेयर खोलौँ। अर्बौं डलर जम्मा हुन्छ। खाडी, युरोप, जापान, कोरिया र अमेरिकातिरका नेपालीको त यहाँ सन्दर्भ नै जोडिएको छैन।

तीव्र गतिको उक्त सडक प्रयोग गर्दा प्रतिकिमी एक सय रुपैयाँ कर लगाऔँ । यसको आसपासमा बस्ती बस्न दिनु हुँदैन। बाटोमा पर्ने जमिनको पैसा नलिने व्यवस्था राज्यले नै गर्नुपर्छ। कमसेकम सडकबाट पाँच सय मिटर बाहिर मात्र बस्ती बसाऊँ ।दुई सय किमी बाटो एक पटक प्रयोग गर्नेले २० हजार रुपैयाँ तिर्छ। आउँदा जाँदा ४० हजार तिर्छ। बरु प्रतिव्यक्ति यात्रुका हिसाबले तिर्न लगाए पनि हुन्छ। यदि ५० लाख यात्रुले ४० हजारका दरले तिरे भने कति उठ्छ ? लगानी उठ्न बेर लाग्दैन।

अस्ट्रेलियाका तीव्र गतिका राजमार्गमा पनि कर लिइन्छ। प्रतिकिमी ४० देखि ६० सेन्ट तिर्नुपर्छ। यसोगर्दा मात्र पनि सरकारले मुख्य राजमार्गहरूबाट वर्षको साढे दुई अर्ब डलर कमाउँछ। यसरी बन्ने हाम्रो 'एभरेस्ट फ्रि वे' मा प्रत्येक २० किमीमा पाँच तारे होटल खोल्न सार्वजनिक आह्वान गरौँ। वर्षमा ५० लाख पर्यटन थेग्नसक्ने होटलहरु बनाउँ। अघि भनिएको सडक करमध्येबाट २५ प्रतिशत अर्ग्यानिक कृषिमा लगानी गरौं। त्यहाँ आउँने पर्यटकलाई रैथाने खाना ख्वाऊँ। सरसफाइ र ट्वाइलेट पेपरको व्यवस्था गर्न सके पुग्छ।

अस्ट्रेलियामा प्लम्बरले डाक्टरले भन्दा बढी कमाउँछ। सफाइको काम गर्नेले महिनामा १० हजार डलर सञ्चित गरिरहेको हुन्छ। अनि किन चाहियो सबैलाई पीएचडी ? सानो ट्रेड डिग्री भए काफी हुन्छ।

त्यहाँ पुग्ने प्रत्येक पर्यटकले विज्ञापन गरिदिन्छन्। सरकारलाई उति भार पनि पर्दैन। निजी क्षेत्रले हरेक टाकुरामा भ्यु टावर बनाउँछन्। हरेक पखेरामा होटल खोल्छन्। त्यसबाट स्थानिय र राष्ट्रिय स्तरमा रोजगारी पनि सिर्जना हुन्छ। श्रम गर्ने बानी बसालौँ। श्रमिकलाई राजनीति होइन गुणस्तरीय काम गर्न सिकाऔँ। तालिम दिऔँ। विदेशमा बस्ने नेपालीलाई बोलाएर तालिम दिन लगाऔँ। त्यस्ता हजारौँ नेपाली छन्, जसले विश्व स्तरका कामहरू विभिन्न मुलुकमा बसेर गरि नै रहेका छन्, तालिम दिनका लागि उनीहरुलाई नै बोलाउँ।

यहाँ अस्ट्रेलियामा प्लम्बरले डाक्टरले भन्दा बढी कमाउँछ। सफाइको काम गर्नेले महिनामा १० हजार डलर सञ्चित गरिरहेको हुन्छ। अनि किन चाहियो सबैलाई पीएचडी ? सानो ट्रेड डिग्री भए काफी हुन्छ। त्यसैले 'एभरेस्ट फ्रि वे' को निर्माण गरौँ।

हामीलाई सम्पन्न र सुखी जीवन जीवन धेरै बर्ष लाग्ने छैन। त्यस्ता राष्ट्रिय गौरवका परियोना जम्मा पाँचवटा सञ्चालन गरौँ। वार्षिक ५० लाख भन्दा बढीलाई पर्यटन भिसा दिन सकिँदैन भन्ने दिन आउँछ। दिनमा पाँच सय डलर भन्दा कम खर्च गर्नेलाई भिसा दिन्नौं भन्ने प्रावधान राख्नु पर्ने दिन आउँदैन भन्न सकिन्न।

५० लाखले दिनमा पाँच सय डलर खर्च गर्दा दुई अर्ब ५० करोड डलर देशमा भित्रिन्छ। यो भनेको करिब साढे दुई खर्ब रुपैयाँ हो। भुटानमा दैनिक दुई सय ५० खर्च गर्ने पर्यटकले मात्र भिसा पाउँछ। १० दिन बस्नेले २५ सय खर्च गरेरै जानुपर्छ। विश्वका अनगिन्ती पर्यटकीय स्थलमा यस्तो खर्च गर्ने व्यवस्था छ। हाम्रो अर्को छिमेकी मुलुक मालदिभ्समा पर्यटकले दैनिक दुई सय ७० अमेरिकी डलर तिर्नुपर्छ। अझ अन्टार्कटिकाको भ्रमणमा लैजाने लक्जरी ट्राभलले दैनिक प्रतिव्यक्ति १५ हजार अमेरिकी डलर लिन्छ। म आफैँले फीजीमा सात दिने ध्यान कार्यक्रम चलाउँदा आयोजकले ग्राहकबाट भाडाबाहेक दैनिक पाँच सय अमेरिकी लिएको देखेको छु।

सगरमाथा त विश्वमा दोस्रो कतै छैन। हामीले दिनमा पाँच सय त के दिनमा एक हजार डलर लिए पनि फरक पर्दैन। तर, त्यस अनुसारको यातायात, व्यवस्थापन र सुरक्षाको ग्यारेन्टी हुनु पर्‍यो। यसले सिर्जना गर्ने रोजगारीको कुरो झनै फराकिलो छ। नेपालले रोजगारी कसरी सिर्जना गर्ने भन्नेबारे अर्को कुनै आलेखमा चर्चा गरौँला। त्यसैले राष्ट्र निर्माणको सपना देख्ने हो र इतिहासमा आफ्नो नाम लेख्ने हो भने प्रधानमन्त्रीज्यू, पर्यटन मन्त्रीज्यू। कम्तीमा कुनै राष्ट्रिय सङ्कल्पलाई अघि बढाऊँ। समृद्धि हाम्रै पालामा सम्भव छ भन्ने स्थापित हुनेछ। यो समय गफको होइन कामको हो।रातोपाटी

# लैङ्गिक हिंसा अन्त्यमा प्रविधि र व्यवहार परिवर्तन महत्त्वपूर्णः प्रधानमन्त्री कार्की



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले प्रविधिको प्रभावकारी उपयोग र सामाजिक व्यवहार परिवर्तन लैङ्गिक हिंसा अन्त्यका लागि अत्यावश्यक पूर्वसर्त रहेको बताउनुभएको छ ।

'प्रविधिको सही प्रयोग गरौंः लैङ्गिक हिंसा अन्त्य गरौं' भन्ने राष्ट्रिय नारासहित सुरु भएको यस वर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको मंगलबार उद्धाटन गर्दै उहाँले कुनै पनि नाममा हुने हिंसाले कसैको हित नगर्ने बताउनुभयो ।

प्रधानमन्त्री कार्कीले महिलामाथि बढी देखिने लैङ्गिक हिंसाबाट पुरुषसमेत प्रताडित हुने सामाजिक यथार्थलाई बुझ्नुपर्ने आवश्यकता औंल्याउनुभयो । प्रविधिको प्रयोगले सचेतना बिस्तार, सूचनामा पहुँच र प्रतिवेदन प्रणाली सुदृढ बनाउन सक्ने भएकाले यस वर्षको नाराले सान्दर्भिकता बोकेको उहाँको भनाइ थियो ।

प्रधानमन्त्री कार्कीले कुनै पनि धर्म, संस्कृति वा परम्पराले महिलामाथि हिंसा गर्न समर्थन नदिने स्पष्ट पार्दै संविधान तथा कानुनी संरचनाले पनि महिलालाई समान अधिकार प्रदान गरे पनि व्यवहारिक कार्यान्वयनमा चुनौती रहेको बताउनुभयो । महिलाको निर्णायक तहमा प्रतिनिधित्व बढाउनुपर्ने र त्यसका लागि निर्वाचनमा महिलाको सम्भावित सहभागिता बढाउन दलहरूले महिला उम्मेदवारलाई प्राथमिकता दिनुपर्नेमा उहाँको जोड थियो ।

यसैगरी हिंसाले महिलाको जीवनमा मानसिकलगायत बहुआयामिक चोट पुऱ्याउने भएकाले पीडितको संरक्षण, राहत र पुनःस्थापना राज्यको प्राथमिकतामा रहनेसमेत प्रधानमन्त्री कार्कीको भनाइ थियो । "सोह्र दिने अभियानले हरेक वर्ष दृश्यात्मक परिवर्तन ल्याउनुपर्छ, कानुनी आधारहरू पर्याप्त छन्, कार्यान्वयन नै मुख्य हो । यसमा सबै लाग्नुपर्छ", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री कार्कीले प्रविधिको सही उपयोग, सशक्त कानुनी कार्यान्वयन र सकारात्मक व्यवहार परिवर्तनमार्फत लैङ्गिक हिंसा समाप्तिका लागि सबै पक्षलाई आग्रह गर्नुभयो ।रासस

# सुशासन प्रवर्द्धन र निर्वाचनको अभिभारा पूरा गर्ने सरकारको मुख्य जिम्मेवारीः गृहमन्त्री

लुम्बिनी । गृहमन्त्री ओमप्रकाश अर्यालले सुशासन प्रवर्द्धन गर्दै निर्वाचन सम्पन्न गर्ने अभिभारा वर्तमान सरकारको रहेको बताउनुभएको छ । उहाँले सुशासन प्रवर्द्धन र निर्वाचनको अभिभारा पूरा गर्ने मुख्य जिम्मेवारीलाई मूलमन्त्र मानेर वर्तमान सरकारले काम गरिरहेको बताउनुभयो ।

लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई मंगलबार भैरहवामा सम्बोधन गर्दै गृहमन्त्री अर्यालले सरकारले त्रासदीपूर्ण अवस्थालाई पार लगाउँदै सुरक्षाको अवस्थालाई सामान्य बनाउन सफल भएको र अब चुनाव गरेर नेतृत्व हस्तान्तरण गर्ने जिम्मेवारी आफूहरुको काँधमा रहेको बताउनुभयो । उहाँले विभिन्न बहाना बनाएर चुनाव हुँदैन भन्ने र गर्न सक्दैनन् भनेर सार्वजनिक खपतका कुरा गर्नेहरुलाई कामले जवाफ दिने बताउनुभयो ।

"विभिन्न बहाना देखाएर चुनाव हुँदैन भन्ने र गर्न सक्दैनन् भन्ने कुराहरु कहीँ कतै सुनिएका छन्", उहाँले भन्नुभयो, "सार्वजनिक खपतका लागि बोलिएका यस्ता विषयलाई सरकारले आफ्नो काम र भूमिकाबाट जवाफ दिन्छ र दिइरहेको छ ।" राजनीतिक दलहरुले लुटिएका हतियार र फरार कैदी बन्दीलाई प्रमुख सुरक्षा चुनौतीका रुपमा औंल्याएको सन्दर्भमा गृहमन्त्री अर्यालले भन्नुभयो, "हामीले धेरै परिमाणमा विशेष अपरेसनमार्फत ती हतियार फिर्ता ल्याइसकेका छौँ, ठूलो सङ्ख्यामा कैदी पनि फिर्ता भइसकेका छन् ।"

गृहमन्त्री अर्यालले आफूहरु सुशासन र भ्रष्टाचार नियन्त्रणको माग राखी जेनजी युवाबाट गत भदौ २३ र २४ गते भएको प्रदर्शनपश्चात् विषम परिस्थितिमा निर्माण भएको सरकारको जिम्मेवारीमा आएको बताउनुभयो । "वर्तमान सरकार कसैको निगाहामा बनेको होइन, हामी कुनै अपेक्षाले आएका होइनौँ र हाम्रो व्यक्तिगत इच्छाले आएका होइनौँ", उहाँले भन्नुभयो, "देशको विशिष्ट अवस्थामा, शून्यतालाई पूरा गर्न परिस्थितिले विशेष जिम्मेवारी सुम्पेको हुँदा त्यसका लागि आएका हौँ ।"




शान्ति र अहिंसाको सन्देश दिन प्रदेशस्तरीय सुरक्षा गोष्ठीको सुरुआत बुद्ध जन्मस्थल लुम्बिनीबाट गरिएको गृहमन्त्री अर्यालले बताउनुभयो । गोष्ठीबाट प्रदेश सरकारले सुदृढ सुरक्षा योजना बनाउने अपेक्षा लिएको उहाँको भनाइ छ । गृहमन्त्री अर्यालले लुम्बिनी प्रदेश राजस्व चुहावटको दृष्टिले जोखिममा रहेको उल्लेख गर्दै सुशासनको जगमा बनेको यो सरकारले चुहावट नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको बताउनुभयो ।

"कसैलाई गलत तवर रिजाउनुपर्ने अवस्था छैन, व्यावसायिक ढङ्गले कार्य सम्पादन गर्दा पुग्छ", उहाँले भन्नुभयो, "त्यसैले यस गोष्ठीसँगै राजस्व चुहावट नियन्त्रणमा सरकारी संयन्त्रको संलग्नताका केही कमजोरीहरु बाँकी छन् भने ती अन्त हुनुपर्दछ ।" नेपाल-भारत सीमाक्षेत्रका भन्सारहरूमा राजस्व चुहावट भइरहेको र नियन्त्रण हुन नसकेको विषयमा गृहमन्त्री अर्यालले सुरक्षा अधिकारीहरूको ध्यानाकर्षण गराउनुभएको छ । प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा सम्बोधन गर्दै उहाँले खुला सिमानाबाट राजस्व चुहावटका गतिविधि नरोकिएको भन्दै गम्भीर ध्यानाकर्षण गराउनुभएको हो ।

कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधानको रक्षा र यसको पूर्ण कार्यान्वयन अहिलेको मुख्य प्रश्न रहेको बताउनुभयो । "कुनै नेता गलत होलान् तर, सिस्टम बिग्रिएको छैन", उहाँले भन्नुभयो, "कतिपय नेताहरू बिग्रिएका होलान्, तर सिस्टम बिग्रिएको छैन । प्रणाली बिग्रिएको छैन । यो कुरा आत्मसात् गर्नु सबै निकायका लागि जरुरी छ ।"

सुरक्षा क्षेत्रमा पनि आमूल परिवर्तनको आवश्यकता औंल्याउनुभयो । आन्दोलनका नाममा व्यक्तिगत सम्पत्ति जलाउनेलाई कानुनी दायरामा ल्याउन सङ्घीय सरकार गम्भीर हुनुपर्ने उहाँले बताउनुभयो । मुख्यमन्त्री आचार्यले सुशासन कायम गर्ने र भ्रष्टाचार न्यूनीकरण गर्ने अभियानमा नै प्रदेश सरकार रहेकाले स्पष्ट पार्नुभयो ।


"सरकारको नेतृत्व सम्हाल्दा गरेका सङ्कल्प र अठोट पूरा गर्नेगरी काम अघि बढेका छौँ । सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरणको रणनीति बनाएर काम गरिरहेका छौँ, मन्त्रीहरूलाई आचारसंहिता लागू गरेका छौँ", उहाँले भन्नुभयो, "पूर्व विशिष्टका सेवा-सुविधा खारेज गरेर अघि बढेको यही सरकार हो ।"

कार्यक्रममा गृहसचिव रामेश्वर दङ्गाल, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरीका प्रमुख राजु अर्याल र १२ जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी प्रमुखहरू सहभागी गोष्ठीमा लुम्बिनी प्रदेशको सुरक्षा चुनौती संश्लेषण गर्ने, निर्वाचनका लागि आवश्यक रणनीति तयार गर्ने गरी सुरक्षा तयारी गर्नेछ ।रासस

# मेलम्ची आयोजना प्रभावित क्षेत्रको पूर्वाधार निर्माणमा समन्वय गर्न समिति गठन

काठमाण्डु । सरकारले मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रको पूर्वाधार विकाससँग सम्बन्धित विषयमा अनुगमन, अन्तरनिकायगत समन्वय तथा सहजीकरण गर्न समिति गठन गरेको छ ।





यही मङ्सिर ८ गतेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्र अनुगमन, समन्वय एवं सहजीकरण समिति गठन गर्ने निर्णय गरेको हो । बैठकले नेपाल प्रहरीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने, आव २०८२/०८३ मा वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमका लागि अधिकृतस्तरको ३७ अस्थायी दरबन्दी स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिनुभयो ।


सरकारले संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा २०८१ असार २४ भन्दा अगावै जलविद्युत् उत्पादनका लागि सर्वेक्षण अनुमतिपत्र प्राप्त गरिसकेका वा ऊर्जा खरिद सम्झौता सम्पन्न भएका आयोजनाहरूको वातावरणीय अध्ययन सहमति, स्वीकृति तथा राष्ट्रिय बनको जग्गा प्रयोग गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरेको छ ।

संरक्षित क्षेत्रभित्र पेट्रोलियम पाइपलाइन, पर्यापर्यटन र स्थानीय जनताको जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध राखे खानेपानी, बाटोघाटो, पुलपुलेसा, सिँचाइ, सञ्चार, सार्वजनिक यातायात, विद्युत् प्रसारण लाइन, स्वास्थ्य सेवा जस्ता आधारभूत सेवा र सुविधासँग सम्बन्धित कार्यहरूको लागि मात्र वातावरणीय अध्ययन सहमति दिने मन्त्रिपरिषद्को निर्णय छ । बैठकले ती पूर्वाधार निर्माणका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने वा सट्टाभर्ना जग्गा लिने प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

सरकारले अन्तरराष्ट्रिय आणविक ऊर्जा एजेन्सीको आयोजनामा यही मङ्सिर १५ देखि १९ गतेसम्म चीनको बेइजिङमा हुने अन्तरराष्ट्रिय ऊर्जा एजेन्सीसम्बन्धी कार्यक्रममा सचिव (विज्ञान प्रविधि) विश्ववाबु पुडासैनीलाई सहभागिताको लागि स्वीकृति दिएको छ ।

बैठकले राष्ट्रिय योजना आयोगका सचिव गोकर्णमणि दुवाडीको यही मङ्सिर १० गतेदेखि हुने अवकाश स्वीकृत तथा नेपाल पानी जहाज कार्यालयमा कार्यरत सहसचिव प्रेमकुमार सिंहले पेस गर्नु भएको राजीनामा स्वीकृत गरेको छ ।रासस

# एमाले वरिष्ठ उपाध्यक्ष पोखरेलद्वारा अध्यक्ष पदमा उम्मेदवारी घोषणा



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टीको ११ औं राष्ट्रिय महाधिवेशनमा अध्यक्ष पदको उम्मेदवार बन्ने घोषणा गर्नुभएको छ ।

मंगलबार वक्तव्य जारी गर्दै उहाँले पार्टी निर्माणमा गरेको योगदानको आधारमा महाधिवेशनमा अध्यक्ष पदको उम्मेदवारका रूपमा प्रस्तुत हुने निष्कर्षमा आफू पुगेको भन्दै उम्मेदवारी घोषणा गर्नुभएको हो ।

वरिष्ठ उपाध्यक्ष पोखरेलले वक्तव्यमा भन्नुभएको छ,"पार्टी पुनर्गठन र रुपान्तरणका लागि देशभरिका साथीहरूले गर्नुभएको आग्रह र सुझावलाई स्वीकार गरेर अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेको हुँ ।"

उहाँले पार्टीका नेता तथा कार्यकर्ताको योग्यता, क्षमता र रुचिअनुसार जिम्मेवारी प्रदान गर्दै सामूहिक नेतृत्व र पहलमार्फत एमालेलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्न आफू प्रतिबद्ध रहेको बताउनुभएको छ ।

एमालेको महाधिवेशन यही मङ्सिर २७-२९ गते काठमाडौँमा हुँदैछ । महाधिवेशनका लागि यही मङ्सिर १३ गते देश तथा प्रवासमा महाधिवेशन प्रतिनिधि चयन हुँदैछन् । उहाँले प्रतिनिधि छनोटमा उच्च विवेकको प्रयोग, स्वस्थ, मर्यादित र निर्भयका साथ सक्रिय सहभागी हुन पार्टी सदस्यलाई आह्वानसमेत गर्नुभएको छ ।

पार्टीको रक्षामार्फत राष्ट्र र नेपाली जनताको हित रक्षालाई सर्वोपरि मानेर अघि बढ्नु सबैको साझा दायित्व रहेको भन्दै वरिष्ठ उपाध्यक्ष पोखरेलले आन्तरिक लोकतन्त्र समृद्ध भएको पार्टीले मात्र लोकतान्त्रिक समाजको निर्माण र नेतृत्व गर्न सक्नेसमेत बताउनुभयो ।रासस

# 'डिजिटल' हिंसा रोक्न सरकार प्रतिबद्ध छः सञ्चारमन्त्री




काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बदलिँदो परिवेशमा प्रविधिको विकाससँगै महिला तथा बालिकामाथि हुने 'डिजिटल' हिंसा रोक्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

'लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान' को मंगलबार यहाँ शुभारम्भ गर्दै उहाँले महिला र बालिकाविरुद्ध हुने डिजिटल हिंसा अन्त्यका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो । यस वर्षको यो दिवसको विश्वव्यापी नारा सान्दर्भिक रहेको भन्दै उहाँले डिजिटल दुनियाँ अब दैनिक जीवनभन्दा अलग नरहेको बताउनुभयो ।

प्रविधिले सिकाइ र कामलाई सहज बनाए पनि धेरै महिला तथा किशोरीका लागि यो क्षेत्र अझै पनि जोखिमपूर्ण र असुरक्षित रहेको औंल्याउँदै मन्त्री खरेलले "अनलाइन उत्पीडन, साइबर स्टकिङ, अनुमति बिना तस्बिरको प्रयोग, घृणा फैलाउने अभिव्यक्ति र ट्रोलिङले त्रास र धम्की सिर्जना गर्छ," भन्नुभयो ।

सञ्चार मन्त्रालयको लक्ष्य पूर्वाधार निर्माण र सेवा विस्तारमा मात्र सीमित नभई प्रत्येक नेपाली नागरिकका लागि सुरक्षित, समावेशी र सशक्तीकरण गर्ने 'डिजिटल इकोसिस्टम' निर्माण गर्नु भएको बताउँदैमन्त्री खरेलले भन्नुभयो, "जब हाम्रो आधा जनसङ्ख्या अनलाइनमा सुरक्षित महसुस गर्दैनन्, तब हाम्रो डिजिटल प्रगतिलाई पूर्ण वा निष्पक्ष मान्न सकिँदैन ।" उहाँले राष्ट्रिय साइबर सुरक्षा केन्द्रले जनचेतना अभिवृद्धिका काम गरिरहेको र हालै राष्ट्रिय एआई सेन्टरको स्थापना हुनुले डिजिटल नेपाल निर्माणप्रतिको सरकारको प्रतिबद्धता प्रतिविम्बित भएको बताउनुभयो ।

डिजिटल हिंसाविरुद्धको लडाइँ सरकार एक्लैले जित्न नसक्ने भन्दै मन्त्री खरेलले कानुनी र नीतिगत ढाँचालाई बलियो बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले पीडितलाई न्याय दिलाउन र पीडकलाई जवाफदेही बनाउन साइबर कानुनको समीक्षा गरिने जानकारी दिनुभयो । साथै, शिक्षा क्षेत्रसँग सहकार्य गर्दै पाठ्यक्रममा डिजिटल साक्षरता समावेश गर्ने, निजी क्षेत्र र नवप्रवर्तनलाई सुरक्षित प्लेटफर्म विकास गर्न प्रोत्साहन गर्ने तथा तीनवटै तहका सरकार, संयुक्त राष्ट्रसङ्घ र नागरिक समाजसँग सहकार्य बढाउने योजना पनि उहाँले अघि सार्नुभयो ।रासस

# एमाले महाधिवेशन तयारीका लागि गठित समितिहरू सक्रिय

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को आसन्न ११औँ राष्ट्रिय महाधिवेशनको तयारीका लागि गठित विभिन्न समितिले आफ्नो कामलाई गति दिएका छन् ।

एमालेको यही मङ्सिर ४ गतेको केन्द्रीय सचिवालयको ६०औँ बैठकले विभिन्न १४ समिति गठन गरेको थियो । यसबीचमा जनपरिचालन समिति र प्रचार कमिटीको बैठक भई आफ्नो कार्ययोजनमाथि छलफल गरी कार्यविभाजन गरेको छ । नयाँ नेतृत्व चयनमा केन्द्रित हुने एमालेको ११औँ महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुँदैछ ।

जनपरिचालन समितिको संयोजक पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीको संयोजकत्वमा सोमबार बसेको बैठकले महाधिवेशनको उद्घाटन सत्र (भदौ २७ गते) पालिका र वडा तहसम्म व्यापक जनसहभागिताका लागि कार्ययोजना पारित गरेको बागमती प्रदेश इन्चार्ज तथा जनपरिचालन समितिका सचिव डा राजन भट्टराईले जानकारी दिनुभयो । सोमबार नै प्रचार समितिको बैठकले महाधिवेशनको ऐतिहासिक महत्व र पार्टीको नीतिका आधारमा सामाजिक सञ्जाल र आमसञ्चारमाध्यममा प्रचारप्रसारका लागि योजना बनाएको केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।

महाधिवेशनका लागि देशभर एकै दिन यही मङ्सिर १३ गते प्रतिनिधि चयनको निर्णय गरेको एमालेले चयन प्रक्रियालाई व्यवस्थित बनाउन पाँचबुँदे निर्देशन दिएको छ । पार्टीका स्थायी कमिटी सदस्य एवं सङ्गठन विभागका प्रमुख काशिनाथ अधिकारीले प्रतिनिधि चयनको निर्वाचन प्रक्रियामा प्रवेश गर्नुभन्दा पहिला सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता सूची अनिवार्य रुपमा प्रकाशन गर्नुपर्ने बताउनुभयो । यसका लागि केन्द्रीय कमिटीको पछिल्लो परिपत्रलाई आधार बनाउन निर्देशन दिइएको छ ।

यसैगरी कायम भएको अन्तिम मतदाता सूचीको सङ्ख्या केन्द्रीय सङ्गठन विभागलाई तत्काल जानकारी गराउन पनि विभागले निर्देशन जारी गरेको छ । यस्तै मङ्सिर १२ गते साँझसम्म सर्वसहमतिका लागि अन्तिम प्रयास गर्ने र सो नभएमा मङ्सिर १३ गते निर्वाचन प्रक्रियामा गएर प्रतिनिधि छनोट गर्न निर्देशन जारी गरिएको छ । विभागको यो निर्देशनले कुनै पनि बहानामा मङ्सिर १३ गते गर्नुपर्ने प्रतिनिधि छनोटलाई नसार्न निर्देशन गरेको छ ।

विभागले प्रतिनिधिमा उम्मेदवारी शुल्क बढीमा रु एक हजारभन्दा बढी नलिन पनि निर्देशन दिएको छ । प्रतिनिधि छनोटका लागि सम्बन्धित क्षेत्रमा खटिएका नेताहरुलाई समयमै आफ्नो कार्यक्षेत्रमा पुग्न र प्रतिनिधि छनोट प्रक्रियामा सहजीकरण गर्न पनि विभागले निर्देशन दिएको छ । एमालेको महाधिवेशनमा आयोजक, निर्वाचन क्षेत्रीय कमिटी (खुल्ला), जनसङ्गठन, युवा, दलित, महिला, प्रवास क्षेत्रबाट समेत गरी करिब दुई हजार २०० प्रतिनिधि सहभागी हुँदैछन् ।

एमालेले आम पार्टी सदस्यबाट निर्वाचित हुने भूगोल, दलित, उपत्यका विशेष र सम्पर्क समन्वयअन्तर्गतका निर्वाचन क्षेत्रबाट प्रतिनिधि चयन गर्दा शेष सङ्ख्या ५० प्रतिशतभन्दा बढी भएमा थप एक जना प्रतिनिधि चयन गर्ने निर्णय पनि गरेको छ । प्रवासी नेपाली सङ्घ भारत र प्रवासी नेपाली सङ्घ अन्तरराष्ट्रिय कमिटीबाट प्रदेश कमिटीसरह कम्तीमा दुई महिलासहित पाँच जना चयन गर्ने तय गरेको छ ।

एमालेले १६५ सङ्घीय निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी समावेशिताको सिद्धान्तअनुसार एक हजार १३५ प्रतिनिधि सहभागी हुनेछन् । हरेक निर्वाचन क्षेत्रमा रहेका एक हजार २०० पार्टी सदस्य बराबर ४० वर्षमुनिका एक युवा र एक महिलासहित चार प्रतिनिधि हुने एमालेका केन्द्रीय कार्यालय सचिव डा अधिकारीले जानकारी दिनुभयो । उहाँले न्यूनतम एक हजार २०० पार्टी सदस्यमा थप ८०० सदस्य नाघेमा थप एक महिला प्रतिनिधि र त्यसपछि प्रत्येक आठ/आठ सय नाघेमा थप निर्वाचित खुला प्रतिनिधि हुनेछन् ।रासस

# लैङ्गिक हिंसा अन्त्य गर्न सबैको साझा प्रतिबद्धता आवश्यकः मुख्यमन्त्री आचार्य



लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लैङ्गिक हिंसा अन्त्यलाई समृद्ध समाज निर्माणको आधारका रूपमा अघि बढाउन सबैलाई एकजुट हुन आग्रह गर्नुभएको छ ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान-२०८२ का अवसरमा मंगलबार शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री आचार्यले नेपालमा अझै पनि कुप्रथा, विभेदपूर्ण सोच र सामाजिक बन्धनका कारण लैङ्गिक हिंसा सहन बाध्य रहेको भन्दै यस्तो समस्या अन्त्य गर्न परिवारदेखि समुदाय र सरकारी संयन्त्रसम्मको सक्रिय भूमिका आवश्यक रहेकामा जोड दिनुभएको छ । संविधानले समतामूलक, समावेशी र सहभागितामूलक समाज निर्माण गर्ने लक्ष्य लिएको उल्लेख गर्दै उहाँले लैङ्गिक हिंसा अन्त्यका लागि कानुनमा तोकिएका प्रावधानको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, हिंसा प्रभावितको उपचार, संरक्षण तथा पुनर्स्थापनाका उपाय थप प्रभावकारी बनाउनुपर्ने आवश्यक रहेको बताउनुभयो ।

मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेश सरकारले लैङ्गिक हिंसा अन्त्यलाई विकास र समृद्धिको मुख्य आधारका रूपमा लिएको जानकारी दिनुभयो । प्रदेश सरकारले लैङ्गिक समानता नीतिनिर्माण गरी कार्यान्वयनमा ल्याइसकिएको, जसले महिला, बालबालिका तथा लैङ्गिक अल्पसङ्ख्यकको विकास, संरक्षण र सशक्तिकरणलाई प्राथमिकता दिएको उहाँले उल्लेख गर्नुभयो ।

यस्तै प्रदेश सरकारले निजामती सेवामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि एक प्रतिशत आरक्षणको व्यवस्था गरी समावेशितालाई संस्थागत गर्दै लैङ्गिक समानताको अभ्यासलाई मजबुत पारेको मुख्यमन्त्री आचार्यले बताउनुभयो । रासस


# मोदीले अयोध्यास्थित राममन्दिरमा फहराएको रामध्वजाका विशेषता

**बीबीसी**

काठमाण्डु । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अयोध्यास्थित राममन्दिरमा ध्वजारोहण गरेका छन् ।

त्रेता युगमा भगवान् राम र सीताको विवाह भएको दिवसका रूपमा मनाइने विवाहपञ्चमीका दिन मङ्गलवार मोदीले ध्वजारोहण गरेका हुन् ।राम जन्मभूमि मन्दिर निर्माण समितिका अध्यक्ष नृपेन्द्र मिश्राले मिडियासँग भने, “ध्वजारोहण उत्सव मात्र होइन, यो मन्दिर निर्माण पूर्ण भयो भन्ने घोषणा पनि हो ।“ उनले भने, “भगवान् अब आफ्नो स्थानमा विराजमान हुनुहुन्छ । यो ध्वजाले दुनियाँभरका करोडौँ रामभक्तमाझ रामको भव्य मन्दिर पूर्ण रूपमा तयार छ भन्ने सन्देश लग्ने छ ।“

भारतीय प्रधानमन्त्री मोदीले ५ अगस्ट २०२० मा अयोध्यामा राममन्दिरको भूमिपूजा गरेका थिए भने २२ ज्यानुअरी २०२४ मा प्राणप्रतिष्ठा सम्पन्न भएको थियो। प्रधानमन्त्री मोदीले यसअघि सोशल मिडिया एक्समा पोस्ट गर्दै मङ्गलवार मध्याह्न रामको पवित्र मन्दिरको शिखरमा विधिवत् ध्वजारोहणको ऐतिहासिक क्षणको साक्षी बन्ने बताएका थिए। अयोध्याको हनुमान



मन्दिरका मुख्य पुजारी मिथिलेश नन्दिनी शरणले भने, “रघुवंशमा ध्वजाको परम्परा छ। ध्वजामा सूर्यदेव अङ्कित गरिएको छ।“

इकोनोमिक टाइम्सको एक समाचारअनुसार ध्वजा २२ फीट लामो र ११ फीट चौडा छ। यसको तौल २ देखि ३ किलोग्राम छ। सात कालिगडले यो ध्वजा हातले सिलाउन २५ दिन लगाएका बताइएको छ। ध्वजा नाइलन र रेसमबाट तयार पारिएको छ। यसले गर्दा यसले चर्को घाम र भारी वर्षा तथा आर्द्रताको उतारचढाव झेल्न सक्षम रहेको भनिएको छ। सम्पूर्ण रूपमा भारतीय सामग्रीले बनाइएको भनिएको यो झन्डामा तीन पत्र रहेको उल्लेख छ।

यो कार्यक्रमका लागि करिब १०० टन फूल प्रयोग गरिएको बताइएको छ। यो समारोहमा ६,००० देखि ७,००० मानिस सहभागी भएका थिए। मन्दिर निर्माणमा दान दिनेहरूलाई आमन्त्रण गरिएको थियो र आमन्त्रितको सूचीमा हर वर्गको प्रतिनिधित्व सुनिश्चित गरिएको भनिएको छ।

राम तीर्थ क्षेत्र ट्रस्टका अध्यक्ष नृपेन्द्र मिश्राले एएनआईलाई भनेका छन्, “आमन्त्रितमा भीआईपीलगायत भगवान् रामको परम्परासँग गहिरो सम्बन्ध रहेका - निषाद समुदाय, शबरी माताको कथासँग जोडिएका मानिस, साधु-सन्त र विभिन्न क्षेत्रका भक्त छन् ।“समारोहको सुरुआत सप्तर्षि मन्दिरबाट भएको थियो। श्रीराम परिवार विराजमान भएका भनिएको स्थानमा आरती गरिएको थियो । ट्रस्टका अधिकारीका अनुसार मन्दिर परिसरमा निर्माण कार्य लगभग पूर्ण भएको छ। केही प्राविधिक काम भने डिसेम्बर २०२५ सम्म जारी रहने छ।

मन्दिर परिसरको ७१ एकड जमिनको ७० प्रतिशत क्षेत्रमा बोटबिरुवा लगाइएको छ । अनुसन्धानका आधारमा रामायणमा आधारित वनस्पति -अशोक, कदम्ब, पारिजात आदि लगाइएको छ। कार्यक्रमका लागि व्यापक सुरक्षा व्यवस्था गरिएको थियो। करिब १० हजार प्रहरी तैनाथ गरिएको बताइएको छ ।मङ्गलवार दिउँसो २:३० बजेसम्म क्युआर-कोड वाला पास भएकाहरूलाई मात्र प्रवेशको अनुमति छ।

# एनपिएलः ‘बलिङ’मा नेपाली र ‘ब्याटिङ’मा विदेशी खेलाडी चम्किए



काठमाण्डु । यहाँ जारी नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको सोमबारसम्म १० खेल सम्पन्न भइसकेका छन् । आठ टिम सहभागी प्रतियोगितामा हालसम्मको नतिजामा सुदूरपश्चिम रोयल्स अग्रस्थानमा छ ।

लगातार तीन खेल जितेर छ अङ्कका साथ सुदूरपश्चिम शीर्षस्थानमा छ । समान तीन खेल खेलेर छ अङ्क नै जोडेको विराटनगर किङ्ग्स रनरेटका आधारमा दोस्रो स्थानमा छ । तीनमध्ये एक खेल जितेको काठमाडौँ तेस्रो, तीनमध्ये एक खेल नै जितेको लुम्बिनी लायन्स चौथो स्थानमा छ ।

चितवन राइनोज पाचौँ, कर्णाली याक्स छैटौँ, साविक उपविजेता जनकपुर बोल्ट्स सातौँ र पोखरा एभेन्जर्स तालिकाको पुछारमा छ । दश खेल सम्पन्न भइसक्दा ब्याटिङमा विदेशी खेलाडीको प्रदर्शन उच्च देखिएको छ। बलिङतर्फ भने नेपाली खेलाडी अग्रस्थानमा छन् ।

कर्णाली याक्सबाट खेलिरहेका विदेशी खेलाडीको सबैभन्दा बढी एक सय ४७ रन बनाएका छन् । उनी हालसम्म सबैभन्दा बढी रन बनाउने खेलाडीको सूचीमा पहिलो स्थानमा छन् । उनले प्रतियोगितामा शतकसमेत बनाएका थिए । जुन जारी सिजनको एकमात्र शतक हो ।

त्यसैगरी, उच्च स्कोर बनाउनेको सूचीमा पनि विदेशी खेलाडी नै छन् । चिनवन राइनोजका रवि बोपरा एक सय १८ रन बनाउँदै दोस्रो उच्च स्कोर बनाउने खेलाडीको सूचीमा छन् । रविले जारी प्रतियोगितामा दुई अर्धशतकसमेत हिर्काइसकेका छन् ।

प्रतियोगितामा तेस्रो र चौथो उच्च स्कोर बनाउनेको सूचीमा भने नेपाली खेलाडी रहेका छन् । हालसम्म एक सय १४ रन बनाएका विराटनगर किङ्ग्सका लोकेश बम तेस्रो स्थानमा छन् । उनले एक अर्धशतक प्रहार गरिसकेका छन् । चौथो नम्बरमा रहेका पोखरा एभेन्जर्सका कप्तानसमेत रहेका कुशल भुर्तेलले एक सय १२ रन बनाएका छन् । यसमा उनले दुई अर्धशतक जोडेका थिए ।

यसैबीच हालसम्मको बलिङ प्रदर्शन हेर्ने होभने नेपाली खेलाडी प्रथम स्थान रहेका छन् । विराटनगर किङ्सका कप्तानसमेत रहेका सन्दीप लामिछाने सात विकेट लिँदै प्रथम स्थानमा छन् । दोस्रो नम्बरमा भने विदेशी खेलाडी रहेका छन् । सुदूरपश्चिमबाट खेलिरहेका हर्मित सिंह छ विकेटसहित दोस्रो स्थानमा छन् ।

सर्वाधिक विकेट लिने तेस्रो, चौथो नम्बरमा भने नेपाली खेलाडी अगाडि छन् । छ विकेट लिएका कर्णाली याक्सका सोमपाल कामी तेस्रो र समान छ विकेट नै लिएका काठमाडौँका कप्तान करण केसी चौथो नम्बरमा छन् । पाँच विकेट लिएर पाँचौँ स्थानमा भने कर्णाली याक्समा अनुबन्धित विदेशी खेलाडी मिलिन्द कुमार छन् । उच्च रन बनाउनेको पाँचौँ नम्बरमा १०२ रन बनाएका कर्णाली याक्समा अनुबन्धित प्रियान्क पन्चाल रहेका छन् । उनले एक अर्धशतकसमेत प्रहार गरेका छन् ।

**प्रतियोगितामा एक शतक, दश अर्धशतक**

जारी प्रतियोगितामा हालसम्म एक शतक र दश अर्धशतक प्रहार भएका छन् । यसमा विदेशी खेलाडी नै अगाडि छन् । प्रतियोगिताको एकमात्र शतक कर्णाली याक्सका विदेशी खेलाडी मार्क वाटले हिर्काएका छन् । उनले लुम्बिनी लायन्सविरुद्ध विस्फोटक शतकीय इनिङ खेलेका थिए । लुम्बिनीविरुद्ध एक सय १४ रनको अविजित इनिङ खेलेका वाटले ४१ बलमै शतक पूरा गरे । उनी एनपिएलमा सबैभन्दा छिटो शतक बनाउने ब्याटरसमेत हुन् ।

मार्क वाट एकै इनिङमा सबैभन्दा धेरै रन बनाउने ब्याटरसमेत बने । उनीअघि प्रतियोगिताको पहिलो संस्करणमा पोखरा एभेन्जर्सका आन्द्रियस गौसले शतक बनाएका थिए । गत वर्ष लुम्बिनीविरुद्ध नै गौसले एक सय चार रनको शतकीय इनिङ खेलेका थिए । यसक्रममा गौसले ५४ बलमा शतक बनाएका थिए ।

प्रतियोगितामा कुल १० अर्धशतक बने पनि नेपालबाट भने तीन ब्याटरले मात्रै एक इनिङमा ५० रन पूरा गरेका छन् । नेपालका कुशल भुर्तेल, लोकेश बम र आसिफ सेखले अर्धशतक बनाएका छन् । यसमध्ये पोखरा एभेन्जर्सका भुर्तेल लगातार दुई खेलमा अर्धशतक बनाउने एकमात्र नेपाली ब्याटर हुन् ।

कुशलसँगै चितवन राइनोजका रवि बोपाराले पनि दुई अर्धशतक बनाएका छन् । यसबाहेक कर्णाली याक्सका प्रियाङ्क पन्चाल, विराटनगर किङ्सका लोकेश बम र मार्टिन गप्टिल, सुदूरपश्चिम रोयल्सका जोस ब्रोन, हर्मित सिंह र जनकपुर बोल्ट्सका सेखले अर्धशतक बनाएका छन् ।

**कीर्तिमानी टिमको स्कोर बनाउने विराटनगर, कम बनाउने कर्णाली**

जारी प्रतियोगितामा उच्च स्कोर बनाउने टिममा विराटनगर रहेको छ । उसले पोखराविरुद्ध दुई सय २० रन बनाएको थियो । जुन एनपिएल इतिहासकै उच्च स्कोर हो । दोस्रो उच्च बनाउने टिमको सूचीमा भने सुदूरपश्चिम छ । सुदूरले पनि पोखराविरुद्ध नै एक सय ९३ रन जोडेको थियो । जारी सिजनमा सबैभन्दा कम स्कोर बनाउनेको सूचीमा कर्णाली छ। सुदूरपश्चिमविरुद्ध ब्याटिङ गरेको कर्णाली ९४ रनमा समेटिएको थियो । उक्त स्कोर प्रतियोगिताकै कम हो ।रासस

# अफगानिस्तानमा पाकिस्तानी बमबारीः कम्तीमा १० जनाको मृत्यु भएको तालिबानको दाबी

**एएफपी**

काबुल । अफगानिस्तानका पूर्वी क्षेत्रहरूलाई लक्षित गरी पाकिस्तानले गरेको हवाई आक्रमणमा कम्तीमा १० सर्वसाधारणको मृत्यु भएको तालिबान सरकारले जनाएको छ । यो घटना पाकिस्तानको पेशावरस्थित सुरक्षा परिसरमा भएको सोमबारको आत्मघाती आक्रमणको भोलिपल्ट भएको हो ।

तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सामाजिक सञ्जाल एक्समार्फत भन्नुभयो, “पाकिस्तानी आक्रमणकारी सेनाले एक स्थानीय नागरिकको घरमा बम प्रहार गर्दा खोस्त प्रान्तमा पाँच बालक, चार

छ । इस्लामाबादको शब्द फिता अल–खवारिज अर्थात तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) आतङ्ककारीहरूलाई अफगान भूमिबाट सञ्चालन गरेको आरोप लगाइएको छ ।

यसै महिनाको सुरुआतमा पाकिस्तानको राजधानी इस्लामाबादमा भएको अर्को आत्मघाती विस्फोटमा १२ जनाको ज्यान गएको थियो । उक्त विस्फोटको जिम्मा अफगान तालिबानसँग विचारधारा मिल्ने पाकिस्तान तालिबान (टिटिपी) नजिकको एक समूहले लिएको थियो । पाकिस्तानले उक्त आक्रमण ‘अफगानिस्तानमा आधारित हाइकमान्डद्वारा निर्देशन गरिएको’ भएको आरोप लगाएको थियो ।



बालिका र एक महिलासहित १० जनाको मृत्यु भएको छ ।” उहाँका अनुसार कुनार तथा पक्तिका सीमावर्ती क्षेत्रमा गरिएका थप आक्रमणमा चार सर्वसाधारण घाइते भएका छन् ।

पाकिस्तानी सेनाले यस विषयमा कुनै आधिकारिक टिप्पणी गरेको छैन ।यसअघि पेशावरस्थित पाकिस्तानको अर्धसैनिक सङ्घीय कन्स्टेबुलरी बलको मुख्यालयमा लक्षित आत्मघाती आक्रमणमा तीन जना अधिकारीको मृत्यु र ११ जना घाइते भएका थिए । कुन समूह जिम्मेवार रहेको भन्ने पुष्टि नभए पनि राज्य प्रसारक पिटिभीले आक्रमणकारीहरू अफगान नागरिक भएको रिपोर्ट गरेको छ र राष्ट्रपति आसिफ जरदारीले ‘ विदेशी-समर्थित फितना अल-खवारीज’ लाई दोष लगाउनुभएको

**तनावग्रस्त द्विपक्षीय सम्बन्ध**

सन् २०२१ मा तालिबान पुनः सत्तामा आएपछि पाकिस्तान-अफगानिस्तान सम्बन्ध लगातार तनावग्रस्त बनेको छ । गत अक्टोबरमा सीमा क्षेत्रमा भएको भिडन्तमा दुवै पक्षतर्फ करिब ७० जनाको मृत्यु भएपछि कतार र टर्कीको मध्यस्थतामा अस्थायी युद्धविराम भए पनि इस्तानबुलमा भएको वार्ताले स्थायी सुरक्षा समझदारी कायम गर्न सकेन । पाकिस्तानले अफगान भूमिमा टिटिपीलाई सुरक्षित आश्रय दिइएको आरोप लगाइरहेको छ, तर काबुलले उक्त आरोप कडा रूपमा अस्वीकार गर्दै उल्टै पाकिस्तानले अफगानिस्तानविरुद्ध शत्रुतापूर्ण समूहहरूलाई सहयोग गर्ने गरेको प्रतिवाद गर्दछ ।

# चीनले भारत नजिकै सैन्य पूर्वाधार विस्तार गर्दै



**एएनआई**

नयाँदिल्ली । भारत-चीन सीमा सन् २०१७ को डोकलाम गतिरोध र सन् २०२० को गलवान उपत्यकाका घटनापछि तुलनात्मक रूपमा शान्त देखिए पनि चीनले तिब्बत क्षेत्रमा भारतीय सीमा नजिक सैन्य पूर्वाधार विस्तारलाई निरन्तर अघि बढाइरहेको छ ।

पिपुल्स लिबरेसन आर्मी (पिएलए) ले वास्तविक नियन्त्रण रेखा (एलएसी) वरिपरि आफ्ना सुविधा, रसद केन्द्र र कनेक्टिभिटी संरचना क्रमशः विस्तार गर्दै आफूलाई थप बलियो बनाइरहेको छ ।

हालै चीनले तिब्बतमा करिब चार हजार ३०० मिटर उचाइमा नयाँ मानव रहित हवाई वाहन (युएभी) परीक्षण केन्द्र निर्माण गरेको छ । यसले पिएलएलाई उच्च-उचाइ र कठोर मौसममा ड्रोन परीक्षण गर्न सहज बनाउने अपेक्षा छ । सात सय २० मिटर लम्बाइको धावन मार्ग, ह्याङ्गरहरू तथा प्रशासनिक भवनहरू रहेको यो पूर्वाधार न्गारीस्थित पिएलए रसद केन्द्रको दक्षिणपूर्वमा अवस्थित छ ।

तिब्बती पठारको कठोर भूभाग, चिसो मौसम, उचाइ रोगको जोखिम र सीमित स्थानीय आपूर्तिका कारण सैन्य गतिविधि कठिन मानिन्छ । सैनिकहरूलाई पूरक अक्सिजन, जमेको पानी पगालेर प्रयोग गर्ने आवश्यकता तथा सवारी साधनका लागि इन्सुलेटेड ग्यारेज अनिवार्य हुन्छ । हेलिकप्टरहरूको पेलोड क्षमता पनि उल्लेख्य रूपमा घट्छ । यिनै चुनौतीबीच चीनले व्यापक सडक, हवाई तथा रेल पूर्वाधार विकासलाई प्राथमिकता दिइरहेको छ ।

अमेरिकी वायु सेनाको ‘चाइना एरोस्पेस स्टडिज इन्स्टिच्युट’ (सिएएसआई) ले सन् २०२५ मा प्रकाशित प्रतिवेदनमा तिब्बतमा कमजोर यातायात पूर्वाधार पिएलएको सीमितता भए पनि पछिल्ला वर्षमा तीव्र गतिमा विस्तार हुँदै प्रभावकारी रसद संयन्त्र सक्षम बनाइएको उल्लेख गरेको छ । चीनले आफ्नो १४औँ पञ्चवर्षीय योजनाअन्तर्गत तिब्बतमा सम्बन्धित पूर्वाधारका लागि ३० अर्ब अमेरिकी डलर विनियोजन गरेको छ ।

डोकलामपछि भारतसँगको सीमा नजिक चीनले राजमार्ग, सहायक सडक तथा पुलहरू तीव्र गतिमा विस्तार गरिरहेको भारतीय थिङ्क-ट्याङ्क ओआरएफले पनि जनाएको छ । विशेषगरी जी-३१४, जी-६८४, जी-६९५ र जी-२१६ जस्ता मार्गहरूले सैन्य परिचालन क्षमतालाई उल्लेखनीय रूपमा सहज बनाएको बताइन्छ । पाङ्गोङ त्सो क्षेत्रमा सन् २०२१ र सन् २०२४ मा बनेका दुई पुलले सैनिक आवत-जावतलाई झनै छोट्याइदिएको छ ।

यस्तै, सन् २०१७ देखि सन् २०२३ बीच तिब्बत र सिन्जियाङमा कम्तीमा ३७ सैन्य वा दोहोरो प्रयोगका विमानस्थल र हेलिपोर्ट निर्माण गरिएका छन् । सीमापट्टि करिब ६०० भन्दा बढी ‘सीमावर्ती गाउँ’ निर्माण गरी प्रशासनिक र रसद उपस्थिति विस्तार गरिएको सिएएसआईकै अध्ययनले जनाएको छ। तिब्बत सैन्य जिल्लामा तीन संयुक्त-हतियार ब्रिगेड, आठ सीमा रक्षा रेजिमेन्ट तथा विस्तारित रसद संरचनाले पिएलएको परिचालन क्षमता थप सुदृढ बनेको छ। कठिन भूभागमा पनि ड्रोनमार्फत आपूर्ति पुऱ्याउने, आवश्यकताअनुसार प्याक जनावर प्रयोग गर्ने जस्ता उपायहरू चीनले अवलम्बन गरेको छ।

विश्लेषकहरूका अनुसार चीनले तिब्बत र सिन्जियाङमा दोहोरो प्रयोग हुने पूर्वाधार निर्माणलाई रणनीतिक रूपमा उपयोग गर्दै भारतसँगको भविष्य सम्भावित द्वन्द्वका लागि आफूलाई योजनाबद्ध रूपमा तयार पारेको सङ्केत गर्छ। विशेषज्ञहरूका अनुसार तीव्र गतिमा बढिरहेको चिनियाँ पूर्वाधार क्षमताले भारतलाई आफ्नो सीमा क्षेत्रमा विकासको गति अझ बढाउन बाध्य बनाउने देखिन्छ।

# लुम्बिनीलाई हराउदै काठमाण्डुको जीत

**टुडे समाचारदाता**




जनकपुरधाम। नेपाल प्रिमियर लिगमा मंगलबार भएको खेलमा लुम्बिनीलाई हराउदै काठमाण्डु विजयी भएको छ।

लुम्बिनीलाई काठमान्डु गोर्खाजले २२ रनले पराजित गरेको हो। काठमान्डुले चार खेलमा दोस्रो जित निकाल्दै प्लेअफमा पुग्नका लागि राहत पाएको छ।

पहिलो खेलमा चितवन राइनोजलाई पराजित गरेको लुम्बिनीले पछिल्ला दुई खेलमा पराजय भोगिसकेको छ। अघिल्लो खेलमा लुम्बिनीलाई कर्णाली याक्सले ९ विकेटले पराजित गरेको छ। मंगलबार काठमाडौंले दिएको १५८ रनको लक्ष्य पछ्याएको लुम्बिनी १९.१ ओभरमा १३५ रनमा अलआउट भएको थियो। खराब सुरूवात गरेको लुम्बिनीको ओपनरद्वय सन्दीप जोरा ७ रन र डार्शी सट २२ रनमा आउट भए। कप्तान रोहितकुमार पौडेल र गुल्बादिन नइबले ११-११ रन मात्र जोड्न सके।

जोरा दोस्रो ओभरमा र शर्ट चौथो ओभरमा काठमान्डुका मिलिन्द कुमारको बलमा क्याच भएका थिए। अर्को ओभरमा नइबलाई शाहब अलामले इरासमबाट क्याच गराउँदा रोहित आठौं ओभरमा इरासमकै एलबिडब्लूको धरापमा परेका थिए।

जेजे स्मित र सुमित महर्जन दुवै जना ११औं ओभरमा आउट हुन पुगेका थिए। स्मितलाई ८ रन बनाएर खेलिरहदा सन्तोष यादवको बलमा शाहबले उत्कृष्ट क्याच गराउदा सुमितलाई शून्यमा पनि शाहबले नै डाइरेक्स हिटमार्फत रनआउट गरेका थिए। रुबेल ट्रम्पलम्यान ५ रनमा इरासमसको बलमा रशिद खानबाट क्याच भए।

१६औं ओभरमा दिलीप नाथ आउट भएपछि लुम्बिनी हारतर्फ अघि बढेको थियो। चौथो बलमा करण केसीको बलमा उनी क्याच भए। अघिल्लो बलमा छक्का प्रहार गरेका उनले निकै सुस्त ब्याटिङ गरे। उनले ३३ बलमा १ चौका र १ छक्का प्रहार गर्न सके भने २५ रन बनाए।

लुम्बिनीका लागि अन्तिममा आशा देखाएका शेर मल्लले १८ बलमा २७ रन जोडे। १८औं ओभरमा रनआउट भएका उनले अघिल्लो ओभरमा शाहबलाई लगातार तीन छक्का प्रहार गरेका थिए। अन्तिम विकेटको रुपमा अभिसेष गौतम ४ रनमा आउट भए भने तिलक भण्डारीले नटआउट ६ रन बनाए। बलिङमा काठमान्डुका मिलिन्द कुमार र इरासमसले २-२ विकेट लिए। करण केसी, शाहब आलम, सन्तोष यादव र रशिद खानले १-१ विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको काठमान्डुले कप्तान करण केसीले ११ बलमा १ चौका र ४ छक्काको मद्दतमा नटआउट ३४ रन जोडेपछि ८ विकेटको क्षतिमा १५७ रन जोड्यो। करण केसीले अन्त्यमा उत्कृष्ट ब्याटिङ गरे पनि काठमान्डुको ओपनिङ खराब रह्यो। काठमान्डु ओपनिङ ब्याटर बेन चार्ल्सवर्थ डक आउट भए। दोस्रो ओभरमा आफ्नो पहिलो स्पेल बलिङ गर्न आएका लुम्बिनीका शेर मल्लले उनलाई गोल्डन डक गरे। त्यसपछि काठमान्डुले रशिद खानलाई पठायो। रशिद पाँचौं ओभरमा रुबेल ट्रम्पलम्यानको बलमा १४ रनमा क्याच भए। उनले १० बलमा २ चौका प्रहार गरे।

त्यसपछि ओपनर आकाश त्रिपाठी र मिलिन्द कुमारले चौथो विकेटका लागि ३१ रनको साझेदारी गरे। आकाशले शेर मल्लको बलमा डार्शी सटबाट क्याच हुनुअघि ३६ बलमा ३ चौका प्रहार गर्दा ३२ रन बनाए।

१२औं ओभरमा लुम्बिनीका कप्तान रोहितकुमार पौडेलले दुई विकेट लिएपछि काठमान्डु संकटमा पऱ्यो। रोहितले यो ओभरको दोस्रो बलमा जोन सिमसनलाई ७ रनमा कट एन्ड बाउल्ड गर्दा अन्तिम बलमा मिलिन्द कुमारलाई १७ रनमा विकेट पछाडि शेर मल्लबाट क्याच गराए। मिलिन्दले २० बल खेल्दा १ चौका प्रहार गर्न सके। लगातार विकेट गुमाएको काठमान्डुका सन्तोष यादवले १६ बलमा २ छक्काको मद्दतमा २६ रन र इरासमसले १५ बलमा २ चौकाको मद्दतमा १७ रन बनाए। सन्तोष १७औं ओभरमा ट्रम्पलम्यान र इरासमस १८औं औभरमा गुल्बादिन नइबको बलमा क्याच भएका थिए। तर १९औं ओभरमा ट्रम्पलम्यान खर्चिलो सावित हुदै ३१ रन खर्चिदा काठमान्डुले १५० रन कटाएको थियो।

# हरेक १० मिनेटमा एक महिलाको हत्या : राष्ट्रसङ्घ

**एएफपी**

संयुक्त राष्ट्रसङ्घ। गत वर्ष प्रत्येक १० मिनेटमा विश्वका कुनै न कुनै स्थानमा एक महिलाको उनकै नजिकका व्यक्तिद्वारा हत्या भएको तथ्याङ्क सार्वजनिक गर्दै संयुक्त राष्ट्रसङ्घले नारीहत्या (फेमिसाइड) विरुद्धको लडाइँमा कुनै स्पष्ट प्रगति नदेखिएको कठोर टिप्पणी गरेको छ।

संयुक्त राष्ट्रसङ्घीय लागुऔषध तथा अपराध कार्यालय (युएनओडिसी) र संयुक्त राष्ट्र महिला (युएन वुमेन) ले महिला विरुद्धको हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा जारी गरेको प्रतिवेदनअनुसार सन् २०२४ मा करिब ५० हजार महिला तथा बालिकाहरू आफ्ना घनिष्ठ साझेदार वा परिवारका सदस्यकै हातबाट मारिनु परेको थियो।

प्रतिवेदनले विश्वभर हत्या गरिएका महिलामध्ये करिब ६० प्रतिशतलाई आफ्नै साथी वा अत्यन्तै नजिकका आफन्त–जस्तै बुबा, काका, आमा, दाइ-भाइ–द्वारा ज्यान दिइएको उल्लेख गरेको छ। तुलनात्मक रूपमा, पुरुष हत्या पीडितमध्ये मात्र ११ प्रतिशतको हत्या नजिकका व्यक्तिले गरेका थिए।

एक सय १७ देशबाट सङ्कलित तथ्याङ्कका आधारमा तयार गरिएको उक्त प्रतिवेदनअनुसार दैनिक करिब १३७ महिला अर्थात् प्रत्येक १० मिनेटमा एक जना नारीहत्या अपराधको सिकार बनिरहेका छन्। सन् २०२३ मा सार्वजनिक भएको तथ्याङ्कभन्दा सङ्ख्या केही कम देखिए पनि यो वास्तविक सुधारलाई जनाउने सङ्केत नभएको, बरु फरक-फरक देशबाट उपलब्ध हुने तथ्याङ्कमा देखिने असमानता नै यसको मुख्य कारण भएको प्रतिवेदनले स्पष्ट पारेको छ।

अध्ययनले चेतावनी दिँदै ‘घर नै महिला तथा बालिकाका लागि सबैभन्दा खतरनाक स्थान बनेको छ’ भन्दै प्रत्येक वर्ष दशौँ हजार महिलाको हत्या हुँदै आए पनि घट्दो प्रवृत्ति नदेखिएको जनाएको छ।

विश्वका कुनै पनि क्षेत्रमा नारीहत्या शून्य नभएको प्रतिवेदनले बताउँछ। तर अफ्रिकामा गत वर्ष झण्डै २२ हजार महिलाको हत्या भई सबै क्षेत्रभन्दा उच्च सङ्ख्या दर्ता भएको उल्लेख गरिएको छ।

संयुक्त राष्ट्र महिला नीति डिभिजनकी निर्देशक सारा हेन्ड्रिक्सका गम्भीर चिन्ता व्यक्त गर्दै भन्नुभयो, “नारीहत्या एक्लै घटित हुँदैन। यसअघि नै व्यवहारगत नियन्त्रण, धम्की, दुर्व्यवहार र अनलाइनसँगै अफलाइन दुवै माध्यममा हुने उत्पीडनका रूपहरू देखिन सक्छन्, जसको अन्त्य घातक हिंसामा पुग्न सक्छ।”

उहाँका अनुसार प्राविधिक विकाससँगै महिलामाथि हुने हिंसाका केही प्रकार झनै बढेका छन् भने नयाँ प्रकारका डिजिटल अपराध–जस्तै गैर-सहमति तस्बिर साझेदारी, डक्सिङ (व्यक्तिगत विवरण सार्वजनिक गर्ने कृत्य) तथा डिपफेक भिडियो–जस्ता खतरनाक रूपहरू समेत जन्मिएका छन्।

# सामान्य अङ्कले बढ्यो नेप्से परिसूचक




काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक पाँच दशमलव ३२ अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक अघिल्लो दिनको तुलनामा शुन्य दशमलव २० प्रतिशतले बढेर दुई हजार ६५५ दशमलव ९९ अङ्कमा पुगेको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ३९ अङ्कले बढेर ४५७ दशमलव ५३ अङ्कमा पुगेको छ । मङ्गलबार बजारमा नेप्से परिसूचक सामान्य बढेपनी कारोबार रकम भने घटेको छ । मंगलबार कूल ३१९ कम्पनीका एक करोड १९ लाख ७६ हजार ७८० कित्ता शेयर रु पाँच अर्ब ८२ करोड ३० लाख २८ हजार ६६३ मा खरिद बिक्री भएको छ । सोमबार कुल रु सात अर्ब तीन करोड ५४ लाख ८० हजार १३६ मा शेयर खरिद बिक्री भएको थियो ।

नेप्सेका अनुसार मंगलबार कारोबार भएकामध्ये विकास बैङ्क, जीवन बिमा, सामूहिक लगानी कोष र व्यापार समूहका उपसूचक घटेका छन् । त्यस बाहेकका अरु उपसूचक भने बढेका छन् । जसमा सबैभन्दा धेरै होटल तथा पर्यटनको उपसूचक एक दशमलव ४१ प्रतिशतले बढेको छ ।

मंगलबार बन्दीपुर केवलकारको शेयर रु २६ करोड ९९ लाख ९७ हजार ६४९ बराबरको कारोबार भई शीर्ष स्थानमा रह्यो । झापा इनर्जी लिमिटेडको शेयरमूल्यमा १० प्रतिशतले वृद्धी भइ सकारात्मक सर्किट लाग्यो ।

त्यस्तै सागर डिस्टिलरी लिमिटेड र श्रीनगर एग्रोटेक इन्डष्ट्री लिमिटेडका लगानीकर्ताले नौ प्रतिशतभन्दा बढीले कमाएका छन् । मंगलबारको कारोबारमा जोशी हाइड्रोपावर डेभलपमेन्ट लिमिटेडको लगानीकर्ताले शेयरमूल्यमा चार दशमलव ९६ प्रतिशतले गुमाए ।रासस

# हिमाल आरोहणको आकर्षण अझै बढ्न सकेन

गण्डकी । गण्डकी प्रदेश आफैँमा पर्वतीय पर्यटनको दृष्टिले विश्वकै उत्कृष्ट गन्तव्य मध्येमा पर्छ । विश्वकै हिमाल आरोहणको जेठो हिमाल अन्नपूर्ण प्रथम यही प्रदेशमा नै पर्दछ । हिमाल आरोहणका दृष्टिबाट विश्वमा नै इतिहास रच्न सफल अन्नपूर्ण प्रथम रहेको यो प्रदेशअन्तर्गतका हिमालहरूमा आरोहणको अवस्था अत्यन्त नगण्य मात्रामा पाइन्छ ।

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै विश्वमा नै हिमाल आरोहणको विषयले चप चासो र चर्चा पाएको हो । समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण प्रथम आरोहणको सफलतापछि मात्रै सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए ।

अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै नेपाल पदयात्रा पर्यटनका लागि पनि विश्वको आकर्षक गन्तव्यका रुपमा विकास भएको थियो । आरोहणको इतिहासमा विश्व कीर्तिमानी कायम गरेको यस प्रदेशमा त्यसयता आरोहणका क्रमले भने अपेक्षित गति लिन नसकेको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले बताउनुभयो ।

पर्वतीय पर्यटनसँगै हिमाल आरोहण यहाँको प्रचुर सम्भावना रहे पनि त्यसको राम्रोसँग उजागर हुन नसकेको उहाँले बताउनुभयो । विश्वमा आठ हजार मिटर उचाइमाथिका १४ हिमालमध्ये आठ हिमाल नेपालमा पर्दछन् । जसमध्ये



तीनवटा हिमाल गण्डकी प्रदेशभित्रै रहेका छन् । गण्डकी प्रदेशमा आठ हजार १६७ मिटर उचाइको धौलागिरि प्रथम, आठ हजार १६३ मिटर उचाइको मनास्लु र आठ हजार ९१ मिटरको अन्नपूर्ण प्रथम आठ हजार मिटरभन्दा बढी उचाइका हिमाल हुन् ।

गण्डकी प्रदेशअन्तर्गतका जिल्लामा रहेका कुल १२१ हिमाललाई आरोहणका लागि खुला गरिएको छ । गण्डकी प्रदेशअन्तर्गत थप विभिन्न १५ हिमाल आरोहणका लागि प्रस्ताव गरिएका छन् भने छ हजार ९९३ मिटर उचाइको माछापुच्छ्रे हिमाल आरोहणका लागि प्रतिबन्धित छ । विशेषतः गुरुङ समुदायको धार्मिक आस्था र विश्वासको माछापुच्छ्रे हिमालको फेदमा रहेको पूजनीयम बराहको धार्मिक महत्वसँगै प्राचीनकालदेखि नै यो हिमालको आरोहण नभएको पाइन्छ । कास्कीको घान्द्रुकबाट माछापुच्छ्रे आधार शिविर तथा अन्नपूर्ण आधार शिविर जाने मार्गमा पर्ने यो बराह मन्दिरको अलौकिक शक्ति रहेको यहाँका स्थानीयवासी बताउँछन् ।

गण्डकी प्रदेशभित्र रहेको ६ हजार ५०० मिटरभन्दा बढी उचाइका ७१ हिमाल आरोहणका लागि अनुमति प्राप्त भएकामा विगत पाँच वर्षयता २२ हिमालको आरोहणका लागि मात्रै पर्यटन विभागमा अनुमति लिएको पाइएको छ । सन् २०२० देखि २०२४ भित्र सबैभन्दा बढी सन् २०२२ मा ८०४ जनाले आरोहण अनुमति लिएको पर्यटन विभागले जनाएको छ ।

त्यस्तै प्रदेशभित्र ६ हजार ५०० मिटरभन्दा कम उचाइका आरोहणका लागि खुला गरिएका ५० हिमालमध्ये सन् २०२० देखि २०२४ सम्ममा जम्मा पाँच हिमालका लागि ९०७ जनाले आरहेणको अनुमति लिएको पाइएको छ । गण्डकी प्रदेशभित्र हिमाल आरोहणका लागि सबैभन्दा बढी आकर्षण मनास्लु हिमालमा रहेको नेपाल पर्वतारोण सङ्घ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष शेषकान्त शर्माले जानकारी दिनुभयो । गण्डकी प्रदेशमा पर्वतारोहणका लागि पर्यटक पथ प्रदर्शकको पनि कमी रहेको बताउँदै उहाँले पछिल्लो समयमा गोरखाको लाप्राकमा पर्यटक पथप्रदर्शकहरू थपिएको जानकारी दिनुभयो ।

पर्वतारोहणको सबै अनुमति पर्यटन विभागबाट हुने गरे पनि ६ हजार ५०० माथि र त्यहाँभन्दा तल उचाइ आदिका कारण अनुमतिको कही प्रावधान भने फरक रहेको उहाँले बताउनुभयो । पछिल्ला समयमा गण्डकी प्रदेशमा आरोहणको आकर्षण बढाउन प्रयासहरू भने भइरहेको बताउँदै उहाँले नेपाल पर्वतारोहण सङ्घमार्फत पर्यटक गाइडका लागि तालिममा पनि जोड दिइएको बताउनुभयो । सङ्घकै आयोजनामा यसअघि ६ हजार १२ मिटर उचाइको धम्पुस पिक र छ हजार १४४ मिटर उचाइको थोराङ पिकको प्रवर्द्धनात्मक आरोहणसमेत गरिएको थियो ।

“यस क्षेत्रमा आकर्षण बढाउनका लागि सबैको साथ र सहयोग आवश्यक छ”, उहाँले भन्नुभयो, “पर्यटक पथप्रदर्शक तयार गर्नका लागि राज्यका तर्फबाट विभिन्न किसिमका तालिम सञ्चालन गरिनु अपरिहार्य छ ।”

धेरै सम्भावना भएर पनि पर्वतारोहण पर्यटनको गण्डकी प्रदेशमा आकर्षण बढ्न नसकेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले बताउनुभयो । हिमाल आरोहणमा आकर्षण बढाउन सकेमा त्यसले गण्डकीको पर्यटनमा ठूलो सहयोग पुग्ने उहाँको भनाइ छ । गण्डकी प्रदेशमा ठूलासाना गरी धेरै हिमाल रहेका कारण यहाँ पर्वतारोहण पर्यटनको धेरै सभ्मावना रहेको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ ।

“यहाँका हिमाल तथा चुचुरालाई पर्यटन जोड्नका लागि पर्वतारोहण शिक्षा दिने शिक्षालय आवश्यक छ”, उहाँले भन्नुभयो, “सामान्य हिमाल आरोहणका लागि पनि पर्यटक पथप्रदर्शक काठमाडौँबाट ल्याउनुपर्ने अवस्था अन्त्य गर्न आहरोणबारे सिकाउनका लागि शिक्षालय अपरिहार्य छ ।” आरोहणका लागि आवश्यक दक्ष जनशक्ति यही तयार भएमा गण्डकी प्रदेशमा यसतर्फको आकर्षण बढाउन सकिने उहाँले बताउनुभयो ।रासस

# बाँसबाट एकदेखि दुईतले आवासीय भवन निर्माण गर्न सकिने

खोटाङ । सङ्घीय सरकारले ‘ बाँसबाट निर्माण हुने संरचनाको ‘डिजाइन’सम्बन्धी मार्गदर्शन’ स्वीकृत गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री कुलमान घिसिङले हालै सो मार्गदर्शन स्वीकृत गर्नुभएको हो ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका प्रमुख तीर्थराज भट्टराईले बाँस तथा बाँसजन्य सामग्रीको प्रवर्द्धन तथा नीतिनिर्माण गर्न काठमाडौँमा सत्याग्रहसमेत गर्नुभएको थियो । स्वीकृत मार्गदर्शनले पहिलोपटक नेपालमा बाँसलाई संरचनात्मक निर्माण सामग्रीका रूपमा औपचारिक मान्यता दिएको छ । यसअनुसार बाँसबाट एकदेखि दुईतले आवासीय भवन, साना व्यावसायिक तथा औद्योगिक भवन इन्जिनियरिङ डिजाइनका आधारमा निर्माण गर्न सकिने भएको छ ।

सहरी विकास मन्त्रालयबाट स्वीकृत भएको मार्गदर्शनलाई छिट्टै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत स्थानीय तहमा परिपत्र गर्ने तयारी गरेको जनाइएको छ । सङ्घीय सरकारले स्वीकृत गरेको मार्गदर्शनमा बाँसको कटानी, ग्रेडिङ, रासायनिक उपचार, भण्डारण र प्रयोगको विस्तृत



मापदण्डसहित भूकम्पप्रतिरोधी, वातावरणमैत्री र किफायती संरचना निर्माणका लागि आवश्यक प्राविधिक विवरण र घरका नमूना डिजाइनसमेत समावेश गरिएको छ ।

बाँसबाट निर्माण हुने सामग्रीको प्रवर्द्धन, भवन समिति गठन र नमूना डिजाइन ‘नम्स’ लागू गर्नुपर्ने मागसहित नगरप्रमुख भट्टराई गत साउन १४ देखि १८ गतेसम्म माइतीघर मण्डलामा सत्याग्रह बस्नुभएको थियो । दिक्तेलबाट बाँसको घना, मान्द्रो र गुन्द्री बोकेर साउन ४ गते काठमाडौँ पुग्नुभएका नगरप्रमुख भट्टराई र सरकारबीच १६ बुँदे सहमति भएपछि अनशन टुङ्गिएको थियो ।

सङ्घीय सरकारले बाँससम्बन्धी मार्गदर्शन स्वीकृत गरेपछि नगरप्रमुख भट्टराईले सोमबार पत्रकार सम्मेलन गरेर सरकार तथा सरोकारवाला निकायलाई धन्यवाद ज्ञापन गर्नुभएको छ । “विगतमा बाँसको हस्तकला, सीप र निर्माणकार्यलगायत सरकारी मूल्याङ्कन हुँदैन थियो, अब भने ढुङ्गा, गिट्टी, बालुवा र सिमेन्टजस्तै बाँसको पनि आधिकारिक मूल्याङ्कन हुन्छ”, उहाँले भन्नुभयो, “सरकारको यो निर्णयले बाँस उद्योग र निर्माण क्षेत्रमा विश्वसनीयता स्थापित गरेको छ । यसले देशभरका उद्यमी तथा किसानलाई फाइदा पुग्छ ।”

सरकारद्वारा स्वीकृत मार्गदर्शनले देशभर बाँस उद्योग स्थापना गर्न, वातावरणमैत्री भवन निर्माण र स्थानीय उत्पादन प्रवर्द्धनका लागि ऐतिहासिक कदम भएको नगरप्रमुख भट्टराईले बताउनुभयो । “खेर गइरहेका बाँसलाई उपयोगमा ल्याउँदै स्थानीयस्तरमा उद्योग स्थापना गरेर युवापुस्ताका लागि रोजगारी सृजना गर्ने बाटो खुलेको छ । यो देशभरका स्थानीय तह तथा उद्यमीका लागि खुसीको कुरा हो”, उहाँले भन्नुभयो, “हाम्रो नगरपालिकामा १३ किसिमका बाँस पाइन्छ । बाँससम्बन्धी काम गरिरहेका विभिन्न निकायसँगको सहकार्यमा अब तीनवटै तहका सरकार मिलेर प्रवर्द्धनको काम सुरु गर्छौं ।” नगरपालिकाले ‘जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहा बाँस’ भन्ने नारासहित फागुन १५ गतेबाट तीनदिने ‘प्रथम राष्ट्रिय बाँस सम्मेलन-२०८१’ आयोजना गरेको थियो । दिक्तेल बजारमा सम्पन्न प्रथम राष्ट्रिय बाँस सम्मेलनले जारी गरेको ३५ बुँदे ‘खोटाङ घोषणापत्र’मा दिक्तेलमा बाँस अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गर्न पहल गर्ने, पहिलोपटक राष्ट्रिय बाँस सम्मेलन सुरु भएको दिन फागुन १५ लाई हरेक वर्ष ‘राष्ट्रिय बाँस जागरण दिवस’का रूपमा मनाउन पहल गर्ने, प्रत्येक तीन वर्षमा राष्ट्रिय बाँस सम्मेलन आयोजना गर्ने निर्णय गरेको छ ।

खोटाङ घोषणापत्रमा बाँसलाई छिटो बढ्ने, बहुउपयोगी र नवीकरणीय स्रोतका रूपमा मान्दै यसले नेपालमा दिगो जीविकोपार्जन, चक्रीय अर्थतन्त्रको प्रवर्द्धन तथा वातावरण संरक्षणमा महत्त्वपूर्ण योगदान दिनसक्ने विश्वास गरिएको छ । सम्मेलन अवधिभर बाँससँग सम्बन्धित नीति निर्माण, खेती विस्तार, उद्यम विकास, बजारीकरणलगायत विषयमा ४४ जना विज्ञ तथा अध्येताबाट प्रस्तुत भएका २३ कार्यपत्रको निचोडको आधारमा ‘घोषणापत्र’ जारी गरिएको हो ।रासस


# ‘परान’ अन्तर्राष्ट्रिय बजारमा पनि सफल, अष्ट्रेलियामा मात्रै ६० लाखमाथि कमाइ

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली सिने क्षेत्रको उल्लेखनीय प्रस्तुति मानिएको फिल्म ‘परान’ विश्वका धेरै देशहरुमा अत्यन्त सफलतापूर्वक प्रदर्शन भइरहेको छ । यो फिल्मले अष्ट्रेलियाको बक्स अफिसमा मात्र ६० लाख नेरु भन्दा बढी कमाउन सफल भएको छ ।

अष्ट्रेलियाली वितरण व्यवस्थापनका अनुसार अहिले अष्ट्रेलिया प्रतिष्ठित मल्टिप्लेक्सहरूमा दैनिक रूपमा प्रदर्शन भइरहेको छ । अष्ट्रेलियाका विभिन्न राज्य एनएसडव्लु, भिक्टोरिया, एसिटी, तसमानिया, एडिलेड, पर्थ, क्विन्सलेण्ड र डरविनका धेरैजसो हलहरूमा ‘परान’ को शो जारी छ ।

अ ष ट् ्रे लि या मा दर्शकहरूको उत्साह निरन्तर बढिरहेको बताउँदै आयोजक नमस्ते इन्टरटेन्टमेन्ट अस्ट्रेलियाले इच्छुक दर्शकहरूलाई हलको समयतालिका हेरी समयमा नै टिकट बुक गर्न आग्रह गरेको छ । ‘परान’ विश्वका विभिन्न मुलुकमा पनि अत्यन्त सफलतापूर्वक प्रदर्शन भइरहेको छ । उत्कृष्ट कथावस्तु, भावनात्मक प्रस्तुति र सामाजिक सन्देशका कारण दर्शकमाझ फिल्मले अपूर्व




सकारात्मक प्रतिक्रिया बटुलेको छ ।

‘परान’ अन्तर्राष्ट्रिय बक्स अफिसमा पनि वर्षकै सफल नेपाली फिल्महरू मध्ये एकका रूपमा स्थापित बन्दै गएको छ । अहिलेसम्म अष्ट्रेलिया, न्युजिल्यान्ड, अमेरिका, क्यानडा, मध्यपूर्व, जापान, कोरिया, माल्टा, पोर्चुगल, फिनल्यान्ड र बेलायतमा दर्शकहरूको उत्साह, समर्थन र भरपूर प्रेमका कारण अतिरिक्त शो थप्ने मागसमेत बढ्दो रहेको वितरक एण्ड सिज सीनेमाले जनाएको छ ।

फिल्मका लेखक तथा निर्देशक दीपक प्रसाद आचार्यले अन्तर्राष्ट्रिय दर्शकबाट प्राप्त समर्थनले हर्षित भएको बताउँदै सबैप्रति कृतज्ञता प्रकट गरेका छन् ।

# आलुको उत्पादन क्षेत्र विस्तार : ६२ करोडको ८२ लाख बढीको बिक्री

मुस्ताङ । यहाँको पाँच स्थानीय तहमा रु ६२ करोड ८२ लाख ३५ हजार ४०० बराबरको आलु उत्पादन भएको छ । कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा यहाँका पाँच स्थानीय तहको चार सय ७८ हेक्टर क्षेत्रमा नौ हजार ६६५ मेट्रिक टन आलु उत्पादन भएको हो ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश गुरुङले गत वर्षको तुलनामा चालु वर्ष आलुको उत्पादकत्व र उत्पादन क्षेत्र आंशिक रूपमा विस्तार हुँदा रु ११ करोड ८४ लाख ७५ हजार ४०० बराबरको आलु उत्पादन वृद्धि भएको जनाइएको छ । केन्द्रका अनुसार चालु आवमा प्रतिहेक्टर २० दशमलव २२ मेट्रिक टन आलु उत्पादन भएको हो । गत वर्षभन्दा चालु वर्ष आलु उत्पादनको क्षेत्र १८ हेक्टर वृद्धि भएको हो । त्यसैगरी, गत वर्षको तुलनामा चालु आवमा यहाँ प्रतिहेक्टर करिब दुई मेट्रिक टन आलु उत्पादन वृद्धि भएको छ ।

चालु आवमा जिल्लाका किसानले फार्म गेट औसत मूल्य प्रतिकेजी रु ६५ मा बिक्री भएकाले सोहीअनुसार कुल उत्पादन मूल्यको लेखाजोखा गरिएको केन्द्र प्रमुख गुरुङको भनाइ छ । कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइको संयुक्त समन्वय र सहकार्यमा स्थानीय तहका कृषि प्राविधिकको उपस्थितिमा गरिएको क्रपकटिङ विधिबाट आलु उत्पादनको लेखाजोखा गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार माथिल्लो मुस्ताङ, मध्यमुस्ताङ र तल्लो मुस्ताङलाई तीन क्षेत्रमा विभाजन गरी त्यहाँका विभिन्न आलु उत्पादनकर्ता किसानको खेतबारीमा पुगेर धेरै फल्ने, मध्यम फल्ने र कम फल्ने आलुको उत्पादन तथ्याङ्क सङ्कलन गरी औसत उत्पादनको मापन गरिएको छ ।

गत वर्ष जिल्लाका पाँच स्थानीय तहमा गरी कुल चार सय ६० हेक्टर क्षेत्रमा आठ हजार ४९६ मेट्रिक टन आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । गत वर्ष यहाँ प्रतिहेक्टर १८ दशमलव ३८ प्रतिशत आलु उत्पादन भएको थियो । केन्द्रका अनुसार गत वर्षको तुलनामा चालु वर्षमा १३ दशमलव ७६ प्रतिशत स्याउ उत्पादन भएको छ ।

त्यसैगरी, गत वर्ष चालु वर्ष एक हजार १६९ मेट्रिक



टन आलु उत्पादन वृद्धि भएको केन्द्र प्रमुख गुरुङले बताउनुभयो । गत वर्ष मुस्ताङमा प्रतिकेजी रु ६० मा आलु बिक्री भएकामा चालु वर्ष रु पाँच वृद्धि भई रु ६५ मा बिक्री भएको उहाँको भनाइ छ । चालु आवमा यहाँका पाँच स्थानीय तहमा उत्पादन भएको आलुमध्ये ६० प्रतिशत जिल्ला बाहिर, ३० प्रतिशत जिल्लाभित्र र १० प्रतिशत बीउ प्रयोजनका रूपमा खपत भएको हो । यहाँ घरायसी प्रयोजन र होटल रेष्टुराँमा एकतिहाइ आलु खपत हुने गरेको केन्द्र प्रमुख गुरुङले जानकारी दिनुभयो । यहाँ स्याउबालीभित्र अन्तरबालीका रूपमा पनि आलुखेती गर्ने गरिएको छ ।

हिमाली जिल्ला उच्च भूगोलको चिसो हावापानीमा उत्पादन हुने मुस्ताङी आलु स्वादिलो र पोषिलो हुन्छ । मुस्ताङको आलु तरकारी, उसिनेर तथा साँधेर खाने प्रचलन छ । यहाँ उत्पादन गरिने लोकल सेतो आलु सहरबजारका उपभोक्ता तथा जिल्लामा आएका पर्यटकले औधी रुचाउने गर्छन् । सहरबजारका थकाली भान्साघर होस् वा ठूला तारेहोटलमा किन नहोस् मुस्ताङी आलु आमउपभोक्तामाझ स्थापित भइसकेकाले पनि मुस्ताङी आलुको माग अधिक छ । पछिल्लो समय कोरला सडक सहज हुँदै जान थालेपछि मुस्ताङी स्याउपछि आलुको माग बढेको घरपझोङ-४ जोमसोमका किसान अजित थकालीले बताउनुभयो ।रासस

# सीतामढीमा ‘सीतापुर’ सैटेलाइट सिटी बनाइँदै

टुडे समाचारदाता

जनकपुरधाम। भारतको बिहार सरकारले सीतामढी जिल्लामा एउटा थप नयाँ शहर ‘सीतापुर’ भन्ने सैटेलाईट सिटीको निर्माण गर्ने भएको छ।

सीतामढीमा नयाँ सैटेलाइट सिटी निर्माण भएपछि जिल्लाको भूगोल र अर्थतन्त्रमा महत्वपूर्ण परिवर्तन ल्याउने अपेक्षा बिहार सरकारले गरेको छ।

पछिल्लो पटक बिहार विधान सभा निर्वाचनको क्रममा ३१ अक्टोबरका दिन जदयू र बिजेपीसहितका एनडीए गठबन्धनले जारी गरेको २४ बुँदे आफ्नो घोषणा पत्रमै पटना र सीतामढी सहित राज्यमा ११ वटा नयाँ शहर सिटी शहरको निर्माण गर्ने घोषणा गरेको थियो।




एनडीए गठबन्धनको सरकार बनेपछि सो चुनावी घोषणा पत्रमा उल्लेखित ११ नयाँ सिटी मध्ये सीतामढीको सीतापुरलाई प्रमुखता दिइएको छ। बिहारका शहरी विकास तथा आवास मन्त्री नितिन नवीनका अनुसार भूमि अधिग्रहण र मास्टर प्लानको काम सन् २०२६ देखि सुरु हुनेछ।

उनले नयाँ सैटेलाइट शहरहरू पटना मेट्रो रेलसँग जोडिनेछन्, जसले आवागमन सहज बनाउनेछ। विशेषगरी सीतामढी क्षेत्रमा विकास हुने नयाँ टाउनसिपलाई “सीतापुर” भन्ने छुट्टै शहर निर्माण गरिने प्रष्ट गरे।

नवीनका अनुसार सैटेलाइट शहरहरूमा आवास, उद्योग, आईटी हब र पर्यटन केन्द्र निर्माण गरिनेछ। यसले लाखौँ रोजगारी सिर्जना गर्ने तथा बिहारको शहरीकरणलाई स्मार्ट र व्यवस्थित बनाइनेछ।

हाल पुनौराधामलाई सडक र रेलमार्गसँग जोड्ने तयारी तीव्र रूपमा चलिरहेको छ। हाल ६७ एकड क्षेत्रफलमा फैलिएको पुनौराधामको क्षेत्रफल अझै बढाइँदै लगिएको छ। बिहार सरकारले सीतापुर नामकरण गरी निर्माण गर्ने सैटेलाइट शहरले जनकपुरधामको पर्यटनमा ठूलो असर पर्न सक्ने आंकलन गर्न थालिएको छ।

केही वर्षयता सीतामढीको जानकी मन्दिर र पुनौराधाममा विवाह पञ्चमी महोत्सव मनाउन थालिएपछि यसको प्रभाव जनकपुरधाममा मनाइएको विवाह पञ्चमी महोत्सवमा देखिएको छ। सीतापुर नामकरण गरी सैटेलाइट सिटीको रुपमा निर्माणले भविष्यमा जनकपुरधाममा आउने भारतीय तीर्थयात्रीमा कमी आउने हाल भारतीय पर्यटक आवागमनमा आएको कमीले पुष्टि गरेको छ।

नेपाल सरकार, मधेश सरकार र स्थानीय तहले यसप्रति ध्यान दिन आवश्यक छ। जनकपुरधामको संस्कृति, धार्मिक पहिचानलाई जोगाउन यहाँका मठ मन्दिरहरुलाई विकास र संरक्षण गरिए भने आउने दिनमा जनकपुरधामको विकासमा ठूलो असर पर्न सक्ने जनकपुरधाम ४ का राजीव यादवले बताए।

# विवाह पञ्चमीमा सरकारको उपस्थिति शून्य

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधामको धार्मिक, सांस्कृतिक र पहिचानको रुपमा मनाइने सीताराम विवाहपञ्चमी जस्तो महामहोत्सवमा यस वर्ष सरकारका तीनै तहको समन्वय र व्यवस्थापन अत्यन्त फितलो देखिएको छ।

महोत्सव हेर्न लाखौँ श्रद्धालु जनकपुरधाम आएका बेला रंगभूमि मैदानदेखि जानकी मन्दिर परिसरसम्म आवश्यक विश्राम स्थल, शौचालय र खानेपानीको अभावले तीर्थयात्रीहरुलाई सास्ती भोग्नु परेको छ।

महोत्सवका मुख्य केन्द्र जनकपुरधाममा पुगेका भक्तजनका लागि रंगभूमि मैदानमा केही शौचालय निर्माण गरिए पनि विश्रामस्थलबाट निकै टाढा अस्पताल नजिक राख्दा कसैलाई थाहा हुन नसकेको कारण रंगभूमि मैदानमा यत्रतत्र दिसा पिसाब गरेको देखिएको छ। रंगभूमि मैदानमा सुतिरहेका तीर्थयात्रीहरू भन्छन्, ‘सरकारले प्रचार धेरै गऱ्यो, तर व्यवस्था खासै देखिएन।’

अर्कोतिर, प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवदेखि विभिन्न दलका नेतासम्मका तस्बिर र नामसहितका ठूला-ठूला ब्यानर जानकी मन्दिरको मुख्य प्रवेशद्वारमै झुण्ड्याइएको तर व्यवस्थापनमा कुनै सहयोग नगरेका तीर्थयात्री र स्थानीयवासीमा थप असन्तुष्टि स्वरहरु सुनिएको छ।

जानकी मन्दिर व्यवस्थापनको अग्रपंक्तिमा रहेका उतराधिकारी महन्थ रामरोशन दासले स्थानीय तहले केही सहयोग गरे पनि प्रदेश तथा संघीय सरकारले विवाह पञ्चमी जस्तो महोत्सवप्रति कुनै चासो नदेखाएको गुनासो गरेका छन्।



उनले भने, ‘जनकपुरधाम उपमहानगरपालिकाले सकेको सहयोग गऱ्यो, तर प्रदेश सरकार र संघीय सरकारले ठूलो कार्यक्रमको औचित्य नै बुझेनन्। सरकारको निरीहताले व्यवस्थापनको बोझ मन्दिर र स्थानीयवासीमै परेको छ।’

नेपाल र भारतका विभिन्न स्थानबाट भक्तजनले प्रदेश सरकारले धार्मिक पर्यटन प्रवर्द्धनका नाममा बजेट खर्च गर्छ तर वास्तविक कार्यक्रमका बेला सेवा-सुविधा उपलब्ध गराउन नसकेको टिप्पणी उनको रहेको छ।

एक भारतीय श्रद्धालुले भने, ‘हामी हरेक वर्ष आउने गर्छौं। तर, जनकपुरधाममा मूल समस्या उही बसोबास, खानेपानी र स्वच्छता रहेको छ। तर यसपाली त झन् अस्तव्यस्त छ।’

प्रहरीको तर्फबाट सुरक्षा व्यवस्था कडा रूपमा गरिएको देखिए पनि तीर्थयात्रीको भीड, खानेपानी वितरण, स्वास्थ्य सहायता र सरसफाइ व्यवस्थामा समन्वयको गम्भीर अभाव रहेको स्थानीय संघसंस्थाहरूले बताएका छन्।

जनकपुरधामलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्य बनाउने सरकारी घोषणा भइरहे पनि विवाहपञ्चमीजस्तो अवसरमा देखिने व्यवस्थापनको कमजोरीले प्रदेश सरकारको क्षमतामाथि प्रश्न उठाएको छ।

लाखौँ भक्तजन भित्रिने कार्यक्रममा पूर्वतयारी, जनशक्ति परिचालन, बसोबास व्यवस्था, पानी, यातायात र आपतकालीन स्वास्थ्य सेवा जस्ता आधारभूत कुरामा ध्यान नदिँदा ‘धार्मिक राजधानी’ को गरिमा नै कमजोर भएको स्थानीय श्याम महतोले टिप्पणी गरेका छन्।

# महिलाको विभत्स हत्या

टुडे समाचारदाता

रौतहट। रौतहटको वृन्दावन नगरपालिका-९ मुसाहामा एक महिलाको शव आफ्नै परिवारका सदस्यले विभत्स हत्या गरिएको अवस्थामा फेला परेको छ।

भुसाहा निवासी शेख आदिलकी २५ वर्षीया श्रीमती तरीमा खातुनलाई सोमबार राति निर्मम ढंगले हत्या गरी आफ्नै घरको भुस राख्ने स्थानमा खाडल खनी गाडिएको अवस्थामा प्रहरीले फेला पारेको हो।



मंगलबार बिहान घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय गरुडा र जिल्ला प्रहरी कार्यालय रौतहटको संयुक्त टोली घटनास्थल पुग्दा खातुनको शव पुरिएको अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

मृतकका श्रीमान् शेख आदिल वैदेशिक रोजगारीका सिलसिलामा साउदी अरबमा कार्यरत छन्। घटनापछि खातुनका ससुरा शेख अलि मोहम्मदसहित घरका सबै सदस्य फरार छन्। साथै उनीहरू खातुनकी डेढ वर्षीय छोरा मोहम्मद आरिफलाई समेत लिएर फरार रहेको प्रहरी उपरीक्षक (एसपी) रविन कार्कीले जानकारी दिए।

उता, वृन्दावन-९ का वडा अध्यक्ष प्रवेज आलमका अनुसार मृतक खातुनको माइती गुजरा नगरपालिका-७ पल्टुवा पर्दछ। गत कात्तिक १८ गते माइतीमा विवाह समारोहका क्रममा नातामा भतिजो पर्ने गुड्डु भनिने शेख अलाहुदिनसँग अनैतिक सम्बन्ध राखेको उनीमाथि आरोप छ।

तत्पश्चात् दुवैजनालाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा बुझाइएको थियो। दुवैले विवाह गर्ने मौखिक सहमति जनाएपछि ससुरा शेख अलि मोहम्मदको जिम्मामा अलाहुदिन र खातुनलाई छाडिएको खातुनका बुबा ताज मोहम्मदले बताए।

ताज मोहम्मदका अनुसार छोराको ससुराली पनि दिदीकै घरमा रहेको र छोरा दिदीको घर अर्थात् ससुराली आएकैबेला सोमबार राति घरमै आफ्नी दिदीको हत्या भएको खातुनका भाइ शेख आस मोहम्मदले आप लगाए। उनले भने, ‘मलाई दिदीको परिवारले हल्ला गरेमा तिमीलाई पनि मार्दिन्छु भन्दै धम्की दिएको थियो। मैले पछि फोटो खिचेर त्यहाँबाट जसोतसो निस्किएर भागे। प्रमाणस्वरूप माइतीलाई तस्वीर पठाएको छु।’

प्रहरीका अनुसार खातुनको दाहिने खुट्टामा गहिरो चोट लागेको र टाउकोमा धारिलो हतियार प्रयोग गरी हत्या गरिएको अनुमान गरिएको छ। घटनास्थलबाट प्रहरीले एक चक्कु समेत बरामद भएको प्रहरीले जनाएको छ। फरार परिवारजनको खोजी भइरहेको र घटनाबारे थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा

टुडे समाचारदाता

विराटनगर। इलाका प्रशासन कार्यालय गौरीगञ्ज, झापाका तत्कालीन प्रमुख चूडामणि आपगाँईसहित १० जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ।




आपगाँईसहित इलाका प्रशासन कार्यालय गौरीगञ्जका तत्कालीन नायब सुब्बा रविन कुमार राजवंशी, तत्कालीन कम्प्युटर अपरेटर आकाश मगर र कार्यालय सहयोगी जीवन कुमार दाहाललाई पनि प्रतिवादी कायम गरेको छ।

मंगलबार विशेष अदालतमा आयोगले दायर गरेको उक्त मुद्दामा जिल्ला प्रशासन कार्यालय, झापाका तत्कालीन प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद खरेल र केशव प्रसाद रिजाल, राहदानीवाहक विनोद कुँवर, सिमान्त विश्वकर्मा, गोविन्द प्रसाद ढुंगेल र बलराम महतोलाई पनि प्रतिवादी बनाइएको जनाइएको छ।

वास्तविक जन्म मिति भन्दा उमेर हेरफेर गरी, उमेर घटाई सरकारी कागजात सच्च्याई व्यक्तिको राहदानी जारी गरेको भन्दै उनीहरूविरुद्ध मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जानकारी दिएका छन्।

# समाजिक घटना नियन्त्रणका लागि तत्मा समाज सक्रिय

टुडे समाचारदाता

रौतहट। तत्मा समाजमा दिनहुँजसो भइरहेका सामाजिक घटनाहरू नियन्त्रण गर्न तथा पीडितलाई न्याय दिलाउन राष्ट्रिय तत्मा समाज नेपाल, रौतहट सक्रिय रूपमा अगाडि आएको छ।

जिल्ला अध्यक्ष रामबाबु दासको नेतृत्वमा, पूर्व राष्ट्रिय अध्यक्ष राजकुमार दास तत्मा, महासचिव शंकर दास, स्वजातिय नेता राम प्रवेश दास, जिल्ला सचिव उमेश दास, पूर्व जिल्ला अध्यक्ष मदन दास, समाजसेवी पनिलाल दास, लालबाबु दास, नथुनी दासलगायतको टोलीले मंगलवार कटहरिया नगरपालिका-१ भसेढवा टोलमा पुगेर त्यहाँ हालै घटेको घटनाबारे विस्तृत छलफल तथा अध्ययन गरेको छ।



भसेढवा टोलमा निर्वाचित वडा सदस्य सतलाल दास तथा सुष्मिता दासबीच घटेको विषयका पीडित घुनिया देवीसहित स्थानीय समाजका अगुवासँग टोलीले सामूहिक छलफल गरेको छ। छलफलपछि पीडितलाई न्याय दिलाउन तथा घटनाको समाधान खोज्न जिल्ला कार्य समितिलाई जिम्मेवारी प्रदान गरिएको जिल्ला अध्यक्ष रामबाबु दासले बताएका छन्।

यसैक्रममा, घटनाका सम्बन्धमा विस्तृत प्रक्रिया अघि बढाउन तथा आवश्यक समन्वयका लागि बिहीबार जिल्ला प्रहरी कार्यालय, गौरमा छलफल बस्ने निर्णय समाजले गरेको छ।

तत्मा समाजका अगुवाहरूले समुदायमा बढिरहेका यस्ता घटनाको प्रभावकारी समाधानका लागि सबै पक्ष सहकार्यसहित अघि बढ्नुपर्नेमा जोड दिएका छन्। वडा सदस्य सतलाल दासले वैदेशिक रोजगारीमा रहेका एकजना स्थानीयको तीन छोराकी आमा लाई ललाई फकाई प्रेमजालमा पारेर घरबाट भगाएका थिए।

विदेशबाट खुन पसिना सुकाएर कमाईगरी पठाएको १२ लाख रुपैयाँ वडा सदस्य दासले ठगेको पीडित परिवारले दाबी गर्दै आएका छन्। त्यतिमात्र नभई महिलाको नाउँमा रहेको ४ कठा जग्गा बैंकमा धितो राखेर समेत पैसा निकालेको पीडित घिनिया देवीले बताउँदै आएकी छिन्। पीडितको उजुरीको आधारमा प्रहरीले वडा सदस्य दास लाई प्रहरीले पक्राउ गरेको थियो। केहीदिन देखि उनी जिल्ला प्रहरी कार्यालय रौतहटको हिरासतमा रहेको तथा घटना बारे अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

# वैदेशिक व्यापारको आधा हिस्सा वीरगञ्ज भन्सार

टुडे समाचारदाता

वीरगञ्ज। मधेशको वीरगञ्ज भन्सारबाट वैदेशिक व्यापारमा करिब आधा हिस्सा हुने गरेको देखिएको छ।

चालु आर्थिक वर्ष २०८२/८३ कात्तिकसम्म २८ भन्सार बिन्दुबाट वैदेशिक व्यापार (आयात-निर्यात) भएको भन्सार विभागले जनाएको छ। तीमध्ये सबैभन्दा अगाडि वीरगञ्ज भन्सार कार्यालय छ। यस वर्ष कात्तिकसम्म ६ खर्ब ९ अर्ब ४५ करोड रुपैयाँ बराबर वस्तु आयात भएको छ। निर्यात भने ९३ अर्ब ४९ करोड बराबर भएको छ।



त्यसमध्ये वीरगञ्जबाट मात्र २ खर्ब ८२ अर्ब बराबर वस्तु आयात भएको छ। यो कुल आयातको ४६.३४ प्रतिशत हो। यस भन्सारबाट ३२ अर्ब ९५ करोड बराबरको वस्तु निर्यात भएको छ। जुन कुल निर्यातको ३५.२५ प्रतिशत हो। आयातका दृष्टिकोणबाट दोस्रो ठूलो भन्सार भैरहवा रहेको देखिन्छ। भैरहवाबाट ९३ अर्ब २७ करोड बराबर वस्तु नेपाल भित्रिएको छ। जुन कुल आयातको १५.३० प्रतिशत हो। यस भन्सारबाट ९ अर्ब ४८ करोडको वस्तु निर्यात भएको छ। जुन कुल निर्यातको १०.१५ प्रतिशत रहेको छ।

आयातका हिसाबले तेस्रो स्थानमा विराटनगर भन्सार छ। यस भन्सारबाट ७३ अर्ब २९ करोड बराबरको वस्तु नेपाल आएको छ। जुन कुल निर्यातको १२.०३ प्रतिशत हो। निर्यातका दृष्टिकोणबाट भने विराटनगर दोस्रो ठूलो भन्सार बिन्दु हो। यस भन्सार हुँदै २७ अर्ब ६९ करोड बराबर वस्तु निर्यात भएको देखिन्छ। जुन कुल निर्यातको २९.६३ प्रतिशत हो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अर्को ठूलो भन्सार बिन्दु हो। यहाँबाट चार महिनामा ७१ अर्ब ३६ करोड बराबर वस्तु आयात भएको छ। जुन कुल आयातको ११.७१ प्रतिशत हो।

निर्यात १२ अर्ब ९ करोड बराबर भएको छ। यो कुल निर्यातको १२.९४ प्रतिशत हो। पोखरा र भैरहवा विमानस्थल भन्सारबाट यस वर्ष कुनै पनि व्यापार हुन सकेन।

# लागुऔषध सहित एक भारतीय पक्राउ

टुडे समाचारदाता

जलेश्वर। महोत्तरीमा ठूलोपरिमाणमा लागुऔषधसहित एकजना भारतीय नागरिक पक्राउ परेका छन्।

जिल्लाको मटिहानी नगरपालिका ८ स्थित भारतीय सानो सीमा स्तम्भ २९५/५ नजिक रहेको नं. २ बोर्डर नाकामा लागुऔषधसहित एक भारतीय नागरिक पक्राउ परेका हो।

बिओपी मटिहानीबाट सई टिका बहादुर अधिकारीको कमाण्डमा खटिएको तीन जनाको गस्ती टोलीले भारतबाट नेपाल तर्फ प्रवेश गर्दै गरेका मधुवापुर, मधुवनी (भारत)का ३५ वर्षीय बिनोद साहलाई चेकजाँच गर्ने क्रममा ती लागुऔषध फेला परेको सशस्त्र प्रहरी मधेश प्रदेश प्रमुख डिआईजी कृष्ण ढकालले बताएका छन्।



उनका अनुसार साहले पछाडि बोकिरहेको निलो झोलाबाट निट्राजीपिन-१० एमजी– ६६ पत्ता (३२ ९८ पिस), डाईजीपाम २ मिली नशालु इंजेक्शन २९९ थान, फेनारगन् ईन्जेक्सन ३०० थान, बुप्रेप्रोफेन् ईन्जेक्सन २७४ थान, खैरो हेरोइन जस्तो देखिने पदार्थ ६५० मि.ग्राम बरामद गरिएको छ। पक्राउ परेका भारतीय नागरिकको साथबाट मोबाइल १ थान, ९८१९६३८३४३ नम्बरको सिम, ए २१६३ आइप्याड १ थान, ९७०२११८२५९ नम्बरको सिम, नेपाली रुपैयाँ ३ हजार ५३५ बरामद गरिएको छ।

बरामद सबै सामानसहित पक्राउ परेका साहलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बुझाईएको बिओपी मटिहानीले जनाएको छ। घटना सम्बन्धी थप अनुसन्धान भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

## एचआईभी/एड्स रोगबाट बचौं र बचाऔं।

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,
- लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- समय-समयमा एचआईभी/एड्सलगायतको परिक्षण गरौं,
- एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसंग सम्पर्क गरौं।

सावधानी अपनाऔं, स्वस्थ रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८